# अध्याय एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय वस्तु हो । मानवीय सम्पत्ति भाषा मानवीय अनुभव र अनुभुति सम्प्रेषणको गतिलो र घतिलो माध्यम हो । जसले व्यक्ति, समाज र सभ्यतालाई गरिमामय बनाउन बल पुऱ्याउछ । समाज र भाषा व्यक्तिको पुरक भएकोले भाषा र समाज अन्योन्याश्रित सम्बन्ध राख्दछन् । भाषा शिक्षण भाषिक सिपहरुको शिक्षण हो । प्रभावकारी ढंगले भाषा शिक्षण गर्नका लागि भाषा पाठ्यक्रम अनुरूप भाषा पाठ्यपुस्तकको निर्माण र विकास गरिन्छ । सो पाठ्यपुस्तकमा विद्यार्थीहरुको रुचि, क्षमता, स्तर, तथा उनीहरुको भाषिक पृष्ठभूमि अनुरूपको नमुना अभ्यास राखेको हुन्छ । भाषा पाठ्यक्रमले राखेका उद्देश्य तह अनुरूप उपयुक्त तथा राम्रा भएपनि भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको समुचित प्रयोग हुन नसकेमा भाषिक सिपहरु प्राप्त हुन सक्दैनन् र भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरु पनि पुरा हुन सक्दैनन् । अतः भाषा पाठ्यपुस्तकमा राखिएका नमूना अभ्यासको भूमिका महत्त्वपूर्ण हुन्छ ।

भाषा पाठ्यक्रम भाषाका सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने उद्देश्यले निर्माण गरिएको योजनाबद्ध दस्तावेज हो । भाषा पाठ्यक्रम कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न वा लक्षित भाषाका सिप र समभ्हहरु स्तर अनुकुल विकास गर्नका लागि निर्माण गरिने निर्देशनात्मक केन्द्रित रहन्छ । भाषा कला र सिपसँग सम्बद्ध अभ्यासपरक विषय हो । यसर्थ अन्य विषयका पाठ्यक्रम र भाषा पाठ्क्रम निर्माण गर्दा भिन्नता ल्याउनु अनिवार्य छ । एकातिर भाषा सिकाइ सिद्धान्त, विद्यार्थीको रुचि, स्तर, तह, आवश्यकता, प्रयोजन, सिकाइको प्रकृति जस्ता कुराहरुलाई भाषा पाठ्यक्रम निर्माणमा ध्यान दिइन्छ भने अर्कातिर पाठ्यक्रम निर्माणका संगठित ढाचामा पनि ध्यान दिनै पर्छ ।

भाषा पाठ्यक्रम उद्देश्यानुरूप शिक्षण गर्नका लागि तयार गरिएका सामग्री नै भाषा पाठ्यपुस्तक हुन् । भाषा पाठ्यपुस्तक निश्चित तह र कक्षाका लागि निर्माण गरिन्छ । भाषा पाठ्यपुस्तक भाषा शिक्षणका आधिकारिक र महत्त्वपूर्ण सामग्री मानिन्छ । भाषिक सिपको विकासमा केन्द्रित भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपका भाषिक पक्षहरुलाई विद्यार्थीको स्तर, अनुभव, रुचि, क्षमता आदिमा ध्यान दिई तयार पारिएको हुन्छ । यस्ता पुस्तक

विद्यार्थीको मात्र पेवा होइन यसले शिक्षकलाई समेत के पढाउने, कसरी पढाउने, कसलाई पढाउने, कस्ता अभ्यास संलग्न गराउने भन्ने सम्बन्धमा स्पष्ट निर्देशन गरेको हुन्छ ।

भाषा पाठ्यपुस्तकको आन्तरिक वा प्राज्ञिक पक्ष अन्तर्गत पर्ने नमुना अभ्यास भाषिक सिपको विकास गराउन सक्ने हुनु पर्दछ हुन त सबै नमुना अभ्यासका सबल पक्ष मात्रै नहुन सक्छन् । गहन रूपमा अध्ययन गर्ने हो भने धेरै दुर्बल पक्ष पनि भेटिन्छन् यद्यपि कुन तहका लागि नमुना अभ्यास निर्माण गरिएको हो सो तहका लागि रुचिपूर्ण मनोरञ्जनात्मक एवम् व्यावहारिक पनि हुनु पर्दछ । भाषा पाठ्यक्रमले व्यावहारिक र सिर्जनशीलता, तार्किक जस्ता पक्षको विकासमा सहयोग पुर्‍याँउछ । तसर्थ भाषा पाठ्यपुस्तकको प्राण मानिने नमुना अभ्याससम्बन्धियसअघि नै केही अध्ययन अनुसन्धान भएका छन् । यसै सिलसिलामा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक यस वर्ष पूर्णतया नयाँ र नौलो भएकाले यसमा प्रयुक्त नमुना अभ्यासको अध्ययनमा यो शोध केन्द्रित रहेकोछ ।

## समस्या कथन

अनुसन्धानका लागि छनौट गरिएको कुनै पनि विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गरीन्छ । अनुसन्धानको विषयवस्तु सम्बन्धित अनुसन्धानको समस्या हो । अतः तोकिएको शीर्षकको सापेक्षतामा रहेर भन्दा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन नै यस शोधको समस्याका रूपमा रहेको छ । नेपाली भाषा विद्यालयमा तल्लो तहदेखि उच्च तहसम्म शिक्षाको माध्यमको रूपमा प्रयोग हुँदै आएको देखिन्छ । अन्य विषयभन्दा भाषा विषयका अभ्यासमा भिन्नता हुनु पर्दछ र भिन्नता पाइने पनि गर्दछ । नेपाली विषयको शिक्षण सिकाई प्रक्रियामा उपयोगमा आउने नमुना अभ्यासले विद्यार्थी लगायत शिक्षकका लागि पनि मूल्याङ्कनको साधनको काम गरेको हुन्छ । नमुना अभ्यासको उपयुक्त बाँडफाड र मिल्दा तालमेलले प्रस्तुतिमा समेत सरलता आउँछ ।

प्रस्तुत शोधपत्र पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरद्वारा २०७३ मा कक्षा दशको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययनमा केन्द्रित रहने छ । भाषा पाठ्यक्रमले तोकोका उद्देश्य अनुरूप भाषा पाठ्यपुस्तकमा अभ्यास राखिनु पर्दछ । भाषा पाठ्यपुस्तकमा छनोट गरिएका विषय वस्तुले विद्यार्थीको ज्ञान, सिप र क्षमताको विकास गराउन सक्षम भए नभएको निर्क्यौल अभ्यासद्वारा गरिन्छ । ती अभ्यास विधा अनुरूप छन् कि छैनन्, भाषा पाठ्यक्रमले तोकेका उद्देश्य, विषयवस्तु , क्षेत्र, प्रकृति अनुरूप छन् कि छैनन् ? नमुना अभ्यासको छनोट के कसरी गरिएको छ ? विद्यार्थीको  स्तर अनुरूप छन् कि

छैनन् ? सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको तालमेल हुने गरी नमुना अभ्यास राखिएको छ कि छैन ? भन्ने जस्ता कुराहरुको अध्ययन गर्ने ध्येयले प्रस्तावित शीर्षकको छनोट गरिएको हो । अतः निर्धारित शीर्षक अन्तर्गत रहेर अध्ययनका समस्याहरुलाई निम्न रूपमा प्रस्तुत गरीएको छ ।

क) कक्षा दशको नेपाली भाषा पाठ्यक्रमले तोकेका उदेश्य अनुरूप नमुना अभ्यास छन् कि छैनन् ?

ख) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा निर्धारीत विधाको प्रकृति अनुरूप नमुना अभ्यास छ कि छैन ?

## अध्ययनको उद्देश्य

हालसम्म उक्त समस्यामाथि कसैले अध्ययन गरेको पाइन । तसर्थ उपयुक्त समस्या समाधानका लागि निम्न उद्देश्य निर्धारण गरिएको छ :

क) कक्षा दशको नेपाली भाषा पाठ्यक्रमको उद्देश्य अनुरूपताका आधारमा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासको अध्ययन गर्नु,

ख) कक्षा दशको नेपाली पाठ्यपुस्तकका नमुना अभ्यासको विधाको प्रकृतिका आधारमा वर्गीकरण गरी अध्ययन गर्नु

## अध्ययनको औचित्य र महत्त्व

प्रस्तावित अध्ययनले भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको स्थितिको जानकारी गराउनुका साथै भाषा पाठ्यपुस्तक प्रयुक्त नमुना अभ्यासमा सबल र दुर्बल पक्ष समेत पहिल्याई सोही कुरामा ध्यान दिइ भाषा पाठ्यपुस्तकको निर्माण गर्नमा सहयोग पुऱ्याएको छ । मूलतः कक्षा दशको नेपाली पाठ्यपुस्तकभित्र अभ्यासहरुले विद्यार्थीको रचनात्मक सिप विकासलाई प्रस्फुटन गर्नुका साथै स्तर अनुरूपको वर्णविन्यासगत शब्दको चयन गरी रुचि अनुरूपको सिर्जनात्मक, प्रयोगात्मक अभ्यास तथा व्याकरणका कोटिहरु रहेका छन् ।

भाषा पाठ्यपुस्तकका नमुना अभ्यासले विद्यार्थीको स्तरीयता र भाषिक सिप विकासका लागि सशक्त भूमिका खेलेको हुन्छ । यस अध्ययनले पाठ्यपुस्तकका बारेमा समेत जानकारी प्रदान गर्ने छ । साथै शिक्षक विद्यार्थी, पाठ्यपुस्तकका लेखक, सम्पादक, भाषा शास्त्री लगायत अनुसन्धानकर्ताका लागि समेत उपयोगी हुनेछ । अन्ततः समयानुकूल

पाठ्यक्रम, पाठ्यपुस्तक परिवर्तन तथा परिमार्जन गर्नका निमित्त प्रस्तावित अध्ययन निकै महत्त्वपूर्ण हुनेछ ।

## अध्ययनको परिसीमा

प्रस्तुत शोध पत्र निम्न विषय र दायरा भित्र रहेर अध्ययन/अनुसन्धानलाई अगाडि बढाइएको छ ।

क) प्रस्तुत अध्ययन कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक (२०७४) मा सीमित रहेको छ ।

ख) यो अध्ययन सो पाठ्यपुस्तकको नमुना अभ्याससँग मात्र केन्द्रित रहेको छ ।

ग) उक्त अध्ययन  नमुना अभ्यासको शब्द भण्डार, व्याकरण, विधागत प्रश्नका प्रकार तथा भाषिक पक्षको विश्लेषणमा आधारित रहेको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ यसको विवरण निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र नमुना अभ्यासको सैद्धान्तिक रूपरेखा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : कक्षा दशको नेपाली पुस्तकको नमुना अभ्यासको विधागत विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र सुझाव

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

## पूर्वकार्यको समीक्षा

शोधकार्य गर्ने उद्देश्य जुन विषयमा राखिएको छ त्यसैसँग सम्बन्धित विषयमा त्यस-भन्दा अघि भएका अध्ययन, अनुसन्धान, लेख, रचना, टिपोट जस्ता प्राप्त भएसम्मका सामग्रीको समीक्षा नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले गर्दा शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमिको जानकारी हुन्छ । सम्बन्धित विषयमा के कस्ता समस्या छन् तिनीहरुको अवगत हुन्छ, अध्ययनमा पुनरावृत्तिको सम्भावना हट्छ र सम्बन्धित विषयमा गहन अध्ययन गरी अनुसन्धान कार्यलाई अघि बढाउन सहयोग पुग्दछ ।

भाषा पाठ्यपुस्तकको एक महत्त्वपूर्ण पक्ष नमुना अभ्यास हो । भाषा पाठ्यपुस्तकमा हरेक पाठको अन्त्यमा नमुना अभ्यास राखिएको हुन्छ । अन्य विषयभन्दा भाषा पृथक विषय र क्षेत्र भएकाले सोही अनुरूप नमुना अभ्यासको निर्धारण गरेको हुन्छ । भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास सम्बन्धिअध्ययन त्यति धेरै भएको छैन । प्रस्तुत शोधपत्रको शीर्षकसँग सम्बन्धित यस अघिका अध्ययन अनुसन्धानको समीक्षा निम्नानुसार गरिएको छ ।

पौडेल (२०५४) द्वारा *माध्यमिक तह (कक्षा ९र १०) को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणत्मक अध्ययन,* गरिएको पाइन्छ । यसमा नमुना अभ्यासको पाठ्यक्रम अनुरूप अध्ययन गर्दा विद्यार्थीको रुचि, क्षमता अनुरूप तुलनात्मक अध्ययन गर्नु, सबल र दुर्बल पक्ष पहिल्याई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्यहरु राखिएको पाइन्छ । ती उद्देश्यहरु पुरा गर्न पुस्तकालयीय विधिलाई मुख्य रूपमा उपयोग गरी विधाको पाठ अनुरूप अभ्यास राखिनुपर्ने सिर्जनात्मक अभ्यासमा जोड दिनु पर्ने र दुवै कक्षाका पाठ्यपुस्तकमा जोड दिई निर्धारण गर्नुपर्नेजस्ता निष्कर्ष निकालिएको छ ।

ढकाल (२०५८) द्वारा “कक्षा छ को नेपाली कितावमा प्रयुक्त व्यकरण नमुना विश्लेषणात्मक अध्ययन” गरेको पाइन्छ । यसमा कक्षा छ का विद्यार्थीहरुको स्तर अनुरूप व्याकरणको अध्ययन गर्नु विधाको प्रकृति अनुरूप व्याकरण अभ्यासको अध्ययन गर्नु बहुभाषी पृष्ठभूमि अनुरूप अध्ययन गर्नु जस्ता उद्देश्यमा केन्द्रित भएर अध्ययन गरिएको छ । कक्षा छको पाठ्यक्रम र पाठ्यपुस्तकलाई मुख्य आधार बनाई गरिएको उक्त शोधकार्यबाट भाषा पाठ्यपुस्तकमा प्रश्न स्तरयुक्त हुनुपर्ने, प्रश्नहरुले व्याकरणका सबै

पक्षलाई समेट्नु पर्ने बहुभाषी पृष्ठभूमिलाई ध्यान दिई व्याकरणको अभ्यास समेटिनु पर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

अर्याल (२०५९) द्वारा “कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन” गरिएको छ । यसमा कक्षा नौ मा नेपाली पुस्तकको विधा अनुरूप नमुना अभ्यासको अध्ययन गर्नु, उक्त पुस्तकमा अभ्यासको उपयुक्तताको अध्ययन गर्नु सबल दुर्बल पक्ष पहिल्याई सुझाव दिनु जस्ता उद्देश्यहरु राखिएको छन् । प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित तहको पाठयक्रम पाठ्यपुस्तकलाई लिइएको छ भने विभिन्न शोध प्रतिवेदनहरुलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिई अध्ययन गरिएको छ । यसमा पाठ्यपुस्तक विधा अनरूप अभ्यास राखिनु पर्ने विषयगत सैद्धान्तिक पक्षलाई मात्र नभई व्यवहारिक पक्षलाई ध्यान दिएर प्रस्तुत गर्नु पर्दछ भन्ने कुरामा जोड दिइएको छ ।

खनाल (२०६३) द्वारा “कक्षा छ को हाम्रो नेपाली किताव र सरल नेपाली श्रृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन” गरिएको छ । यसमा विद्यार्थीको रुचि, उमेर अनुरूप अभ्यासको अध्ययन गर्नु पाठ्यक्रम अनुरूप अध्ययन गर्नु, भाषिक सिपगत आधारमा अध्ययन गर्नु जस्ता मुख्य आधार बनाई गरिएको उक्त अध्ययनबाट प्रयोगात्मक सिर्जनात्मक अभ्यासलाई जोड गर्नु पर्ने, विद्यार्थीको उमेर, रुचि अनुकुलको अभ्यास पाठ्यक्रम परिवर्तन तर्फ सचेत रहनु पर्ने निष्कर्ष निकालिएको छ ।

बराल (२०७२) द्वारा “कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन” गरिएको छ । यसमा विद्यार्थीको रुचि र उमेरलाई ख्याल गरेर नमुना अभ्यासको अध्ययन अध्यापन गराउनु पर्ने, सुनाइ, बोलाइ, पढाइ र लेखाइमा आधारित नमुना अभ्यासलाई समानुपातिक रूपमा राखिनु पर्ने, संक्षिप्त उत्तरात्मक प्रश्नहरु अधिक राख्नुको सट्टा श्रुतिलेखन, अनुलेखन तथा विवेचनात्मक प्रकृतिका प्रश्नहरु समेत समावेश गराइनु पर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

ढुङ्गाना (२०७३) द्वारा “कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन” गरिएको छ । यस अध्ययनमा भाषा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको परिवर्तित नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक विष्लेषण गर्नु नमुना अभ्यासको विधाको प्रकृतिका आधारमा वर्गीकरण गरी विष्लेषण गर्नु र नमुना अभ्यासको सबल र दुर्बल पक्ष केलाई उपयुक्त सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य राखेर पुस्तकालयिय विधिको प्रयोग गरेर अध्ययन गरिएको छ । उक्त अध्ययनबाट विद्यार्थीहरुको

उमेर र रुचिलाई ध्यान दिएर अभ्यासहरु राख्दा सिर्जनात्मक र विश्लेषणत्क प्रकृतिका प्रश्नहरु समावेश गरिनु पर्ने शब्द भण्डारको विकास गर्नका लागि राखिएका पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नर्थी आदि छुट्याएर पर्याप्त मात्रामा समावेश गर्नुपर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ ।

यस प्रकार शिक्षा शास्त्र संकायको नेपाली शिक्षा विभाग अन्तर्गत रही विद्यालय तहका विभिन्न कक्षाका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन भएको पाइन्छ । कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक (२०७४) नयाँ र नौलो भएको र यसमा प्रयुक्त नमुना अभ्यास अन्यमा भन्दा भिन्नै (सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई स्पष्ट छुट्याएर राखिएकोले ) यसको नमुना अभ्यासको अध्ययन भएको पाइदैन । अतः यो कार्य नेपाली शिक्षा विभाग अन्तर्गत विशुद्ध नयाँ र मौलिक अध्ययन कार्यको रूपमा रहेको छ ।

## अध्ययनमा पूर्वकार्यको उपयोगिता

अनुसन्धानको क्रममा अनुसन्धेय विषयसँग सक्बन्धित सम्पन्न गरिएका विभिन्न अध्ययनका कार्यहरुले महत्त्वपूर्ण सहयोग गर्दछ । पूर्वकार्यको अध्ययन पछि आफ्नो कार्यबारे स्पष्ट पहिचान हुनका साथै अध्ययन व्यवस्थित हुने भएकाले अनुसन्धानमा पूर्व अध्ययनको सर्वाधिक उपयोगिता रहेको हुन्छ । यस शोध कार्यमा पूर्व साहित्यको समीक्षाले कस्ता कस्ता अभ्यासहरु पाठ्यपुस्तकमा राख्न उपयुक्त हुन्छ भन्ने बारेमा अध्ययन गर्न सहज बाटो प्रदान गरेको छ । यस अध्ययनले पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरुको सबल र दुर्बल पक्षहरुको जानकारी पाउन सहयोग पुऱ्याएको छ । पूर्व साहित्यहरुको अध्ययनले भाषिक मूल्याङ्कनका आधारहरु प्रदान गरेर यो अध्ययनको लागि सहयोग पुऱ्याएको छ । यो शोधकार्य परिवर्तित पाठ्यक्रमको भएकोले पूर्व साहित्यको आधार लिएर नयाँ परिवर्तित पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरु के कस्ता रहेका छन्, यिनीहरुको उपयुक्तता कति र कस्तो रहेको छ , कक्षाको स्तर अनुरूप रहेको छ कि छैन, अन्य कस्ता अभ्यासहरु समावेश गर्न सकिन्छ भन्ने बारेमा अध्ययन गर्न सहज भएको छ ।

## सैद्धान्तिक रूपरेखा

### भाषा पाठ्यक्रमको परिचय

भाषा पाठ्यक्रम भाषाका सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने उद्देश्यले निर्माण गरिएको योजनाबद्ध दस्तावेज हो । भाषा पाठ्यक्रम कुनै पनि तह वा

कक्षाका लागि भाषा शिक्षण गर्न वा लक्षित भाषाका सिप र समझहरु स्तर अनुकुल विकास गर्नका लागि निर्माण गरिने निर्देशनात्मक केन्द्रित रहन्छ । भाषा कला र सिपसँग सम्बद्ध अभ्यासपरक विषय हो । यसर्थ अन्य विषयका पाठ्यक्रम र भाषा पाठ्क्रम निर्माण गर्दा भिन्नता ल्याउनु अनिवार्य छ । एकातिर भाषा सिकाइ सिद्धान्त, विद्यार्थीको रुचि, स्तर, तह, आवश्यकता, प्रयोजन, सिकाइको प्रकृति जस्ता कुराहरुलाई भाषा पाठ्यक्रम निर्माणमा ध्यान दिइन्छ भने अर्कातिर पाठ्यक्रम निर्माणका संगठित ढाचामा पनि ध्यान दिनै पर्छ ।
भण्डारी र अन्य (२०६८ : १६६) “जसरी एउटा सिङ्गो पाठ्यक्रममा उद्देश्यहरु विषयवस्तु शिक्षण प्रक्रिया र मूल्याङ्कन जस्ता आवश्यक तत्त्वहरु समेटिएका हुन्छन् त्यसै गरी भाषा पाठ्यक्रममा पनि भाषिक उद्देश्यहरु, भाषिक विषयका शिक्षण विधि तथा प्रक्रिया एवम् भाषिक मूल्याङ्कन बारे उल्लेख गरिएको हुन्छ ।”

यस प्रकार भाषा पाठ्यक्रम भाषिक सिप सम्बद्ध दस्तावेज हो । यसमा उद्देश्य, पाठ्य बस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया भाषिक सिपकै विकासमा परिलक्षित हुन्छन् । अधिकारी र शर्मा (२०६८ : २१) का अनुसार “भाषा पाठ्यक्रम भाषा सिकाइ सम्बन्धिनिर्दिष्ट अक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो ।” त्यस्तै भण्डारी र अन्य, (२०६८ : १६७) ले भाषा पाठ्यक्रमलाई “विद्यालय भित्र र बाहिर भाषिक कार्यकलापसँग सम्बन्ध राख्ने भाषिक प्रयास सहितको बृहत् योजनालाई भाषा पाठ्यक्रम भन्न सकिन्छ” भनेर चिनाएको पाइन्छ । यस आधारमा भाषा पाठ्यक्रमका आधारमा भाषा पाठ्यपुस्तक तयार पारिन्छ । भाषा पाठ्यक्रम अङ्गका आधारमा उक्त पाठ्यक्रमको समग्र स्वरूप अडेको हुन्छ । यी मध्ये कुनै एकको अभावमा पनि सो पाठ्यक्रमलाई पूर्ण ठान्न सकिँदैन किन भने भाषा शिक्षण सिकाइ कार्यक्रममा यी हरेकको आ-आफ्नै उपयोगिता हुन्छ । अधिकारी र शर्मा, (२०६७ : २२) का अनुसार, “भाषा पाठ्यक्रमले विद्यार्थीहरुमा ज्ञान, सिप र धारणको विकास गर्न सघाउछ । यसका लागि भाषा पाठ्यक्रम निर्माण गर्दा भाषा सिकाइ सिद्धान्त, विद्यार्थीको रुचि, क्षमता र आवश्यकता साथै भाषा पाठ्यक्रम निर्माणका स्तम्भ वा अङ्गहरुको संगठित प्रस्तुतिक्रम आदि जस्ता कुरामा ध्यान पुर्‍याउनु पर्छ । भाषा पाठ्यक्रमका प्रमुख अङ्गहरु उद्देश्य, पाठ्यवस्तुको छनोट र तिनको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया हुन ।

## भाषा पाठ्यपुस्तकको परिचय

भाषा पाठ्यक्रम उद्देश्यानुरूप शिक्षण गर्नका लागि तयार गरिएका सामग्री नै भाषा पाठ्यपुस्तक हुन् । भाषा पाठ्यपुस्तक निश्चित तह र कक्षाका लागि निर्माण गरिन्छ । भाषा पाठ्यपुस्तक भाषा शिक्षणका आधिकारिक र महत्त्वपूर्ण सामग्री मानिन्छ । भाषिक सिपको विकासमा केन्द्रित भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपका भाषिक पक्षहरुलाई विद्यार्थीको स्तर, अनुभव, रुचि, क्षमता आदिमा ध्यान दिई तयार पारिएको हुन्छ । यस्ता पुस्तक विद्यार्थीको मात्र पेवा होइन यसले शिक्षकलाई समेत के पढाउने, कसरी पढाउने, कसलाई पढाउने, कस्ता अभ्यास संलग्न गराउने भन्ने सम्बन्धमा स्पष्ट निर्देशन गरेको हुन्छ ।

अन्य विषयका पुस्तक र भाषा पाठ्यपुस्तकमा भिन्नता हुन जरुरी हुन्छ । यद्यपि पुस्तकले जस्तै स्वाध्ययन, अभ्यास, गृहकार्य, पुनरावृत्ति जस्ता कार्यमा सहयोग पुऱ्याएको हुन्छ । भण्डारी र अन्य, (२०६८ : १९१) भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुन्छ यो आफ्नै वैशिष्ट्य हो । अन्त्यमा सोही विधामा पाठ अनुरूप नमुना अभ्यास राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकका अभ्यासमा बहुलता र सिपगत विविधताको प्रक्रियाले महत्त्व पाएको हुन्छ । त्यस्तै भाषा तत्त्व र व्याकरणात्मक अभ्यासको उचित सन्तुलन पनि मिलाइएको हुन्छ । त्यस्तै भाषा पाठ्यपुस्तकमा विधाका पाठअनुरूपको अभ्यासमा छनोट गरिएन भने त्यो उपयुक्त ठहर्दैन ।

यसरी भाषा पाठ्यक्रमको मर्म अनुरूप तयार गरिने भाषा पाठ्यपुस्तकलाई अधिकारी, (२०४९ : २६) ले भाषापाठ्यपुस्तक सिर्जनात्मक अभिब्यक्तिको साङ्लो नभएर यसमा पाठ्यक्रमको अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त खालका विषयवस्तु र विधाहरुको छनोटका साथै प्रस्तुतीकरणमा पनि सोही अनुरूप विशेष सचेत देखाएका सामग्रीहरु हुन्छन्" भनी चिनाएको पाइन्छ । त्यसैगरी भण्डारी र अन्य, (२०६७ : १९३) ले "कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरु पूरा गर्न तयार पारिएको सामग्रीलाई भाषा पाठ्यपुस्तक भनिन्छ" भनी भाषा पाठ्यपुस्तकको परिभाषा दिएको पाइन्छ । जे होस भाषा पाठ्यक्रमका भाषिक अपेक्षाहरु पुरा गर्ने गरी खास तह र कक्षाका लागि विषय विशेषज्ञद्वारा लेखन तथा सम्पादन गरिएको शिक्षण सहायक सामग्री नै भाषा पाठ्यपुस्तक हो भन्न सकिन्छ । नमुना अभ्यासको उपयुक्त छनोटले भाषा पाठ्यपुस्तकको गरिमा बढाउछ । साथै भाषा पाठ्यपुस्तकलाई व्यावहारिक बनाउछ ।

भाषा पाठ्यपुस्तकमा बाह्य र आन्तरिक विशेषताहरु हुन्छन् । भाषा पाठ्यपुस्तकको वाह्य वा भौतिक पक्ष नै यसको बाह्य विशेषता हो । जसमा निम्न कुराहरु पर्दछन् : आकार, आवरण पृष्ठ, अक्षरको आकार, कागजको स्तर, बधाँइ र मूल्य आदि हुन । त्यसै गरी भाषा पाठ्यपुस्तको आन्तरिक विशेषतालाई प्राज्ञिक पक्ष पनि भनिन्छ । भाषा पाठ्यपुस्तकको यो पक्ष प्राण नै हो । जसमा विषयवस्तु, प्रस्तुति, शव्दभण्डार, भाषा नमुना अभ्यास, चित्रहरु, निर्देशन, भूमिका र सन्दर्भ सूची जस्ता कुराहरु पर्दछन् ।

## पाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यासको सम्बन्ध

भाषा पाठ्यक्रम सम्बन्धित तहको शैक्षिक कार्यकलापको सम्पूर्ण योजना हो भने पाठ्यक्रमका उद्देश्य पूर्ति गर्न चाहिने महत्त्वपूर्ण पाठ्य सामग्री भाषा पाठ्यपुस्तक हो । "पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षाका के सिकाउने, कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने भन्ने विषयको विस्तृत संकलन तथा प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ" अधिकारी र शर्मा, (२०६७ : २५) । यस प्रकार भाषिक पाठ्यक्रले विविध कक्षाका भाषाका सिपहरु के कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने, कुन क्रमले सिकाउने आदि कुराहरु प्रष्ट गर्दछ भने पाठ्यपुस्तकले पाठ्यक्रमले तोकेका उद्देश्य पूर्ति गर्न के कस्ता विषयवस्तु र विधालाई आधार बनाएर ती भाषिक सिपको विकास गराउन सकिन्छ, सो कुरामा ध्यान दिएको हुन्छ । अतः नमुना अभ्यासमा सो पाठ्यपुस्तकमा रहेका विधाका पाठअनुरूप मिल्दो तवरले सिर्जनात्मक, व्यावहारिक बोधमूलक तथा व्याकरणात्मक प्रश्नहरु निर्धारण गरिएको हुन्छ , जसले भाषा पाठ्यपुस्तकलाई अझ व्यावहारिक बनाएको हुन्छ ।

पाठ्यक्रमले प्रदान गरेका सैद्धान्तिक स्वरूपलाई व्यावहारिक रूप दिने साधन पाठ्यपुस्तक हो, ढकाल, (२०६३ : १३१) यही पाठ्यक्रमलाई थप व्यावहारीक र सशक्त बनाउन नमुना अभ्यासको स्थान महत्त्वपूर्ण हुन्छ । भाषा पाठ्यक्रम पाठ्यपुस्तक र नमुना अभ्यास बीचमा पाइने सम्बन्धलाई यसरी प्रष्ट्याइएको छ :

क) भाषा पाठ्यक्रमको साधन हो भने भाषा पाठ्यपुस्तक साध्य हो र पाठ्यपुस्तकलाई अझ व्यावहारिक बनाउने कडी भनेको नमुना अभ्यास हो ।

ख) भाषा पाठ्यक्रममा साधारण र विशिष्ट उद्देश्यहरु राखिएका हुन्छन् भने पाठ्यक्रमले गरेका अपेक्षा परिपूर्ण गर्ने साधन पाठ्यपुस्तक हो, ढकाल, (२०६३ : १३२) । सो पाठ्यपुस्तकलाई पाठ्यक्रमका अपेक्षा पूर्ति गर्ने सन्दर्भमा थप सहयोग पुऱ्याउने पक्ष

नमुना अभ्यास हो ।

ग) पाठ्यक्रम सैद्धान्तिक प्रकृतिको हुन्छ, त्यसलाई प्रयोग सापेक्ष बनाउने काम पाठ्यपुस्तक र सोही पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले गर्दछन् ।

घ) भाषा पाठ्यक्रमले अभ्यास र आवृत्तिमा जाड दिने कुराको सङ्केत मात्र गरेको हुन्छ भने भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा विद्यार्थीलाई सिकाउने कुरामा पर्याप्त अभ्यास गर्ने गरी पाठहरु तय गरिएको हुन्छ र सो अनुकूल सिर्जनात्मक अभ्यासहरु राखिएका हुन्छन्।

ङ) भाषा पाठ्यक्रम निर्देशनमुखी शैक्षिक सामग्री हो भने पाठ्यपुस्तक र नमुना अभ्यास अभ्यासमुखी शैक्षिक सामग्री हो ।

च) पाठ्यक्रले स्पष्ट नगरेका कुराहरु पाठ्यपुस्तक र नमुना अभ्यासले स्पष्ट पार्दछन् ।

छ) भाषा पाठ्यपुस्तक र नमुना अभ्यास पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ सामग्री र भाषा शिक्षणको लागि महत्त्वपूर्ण शैक्षिक सामग्री हो ।

यसरी भाषा पाठ्यपुस्तक र नमुना अभ्यास पाठ्यक्रमको अपेक्षा पुरा गर्ने साधन हुँदा पाठ्यक्रम अनुकूलता नै यसको विशेषता झल्किन्छ । "पाठ्यक्रमको दायराभन्दा भिन्न प्रकतिका भाषिम र भाषेत्तर विषयको संयोजन पाठ्यपुस्तकमा भयो भने पाठ्यक्रमको अपेक्षा परिपूर्ति हुन सक्दैन" ढकाल, (२०६३ : १३२) । अतः भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यासका बीचमा सापेक्ष सम्बन्ध रहेको कुरा प्रस्टिन्छ ।

## नमुना अभ्यासको परिचय

भाषा मानवीय र सामाजिक वस्तु हो । भाषा प्राप्त गर्नु वा सिक्नु भनेको भाषाका चारैवटा सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ प्रयोग गर्नु भन्ने बुझिन्छ । यिनै सिप हासिल गर्न निरन्तर अभ्यास महत्त्वपूर्ण रहन्छ । विद्यालय तहका भाषा पाठ्यपुस्तकमा प्रत्येक विषयवस्तुको बोधका निमित्त अभ्यास राखिएको हुन्छ । कुनै पनि विषय क्षेत्रसँग सम्बन्धित सिर्जनात्मक/रचनात्मक अभ्यासलाई वास्तवमा नमुना अभ्यास भनिन्छ । नेपाली बृहत शब्दकोष (२०४०) ले "कुनै पाठ्य विषयमा निरन्तर दोहोर्‍याई तेहेर्‍याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार मेहेनत गर्नु भन्ने नमुना अभ्यास सम्बन्धित अर्थ प्रस्तुत गरेको पाइन्छ । नमुना अभ्यासको प्रयोगले शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी बनाउछ ।" भाषा पाठ्यपुस्तकमा प्रयुक्त पाठ्य वस्तु शिक्षण पश्चात विद्यार्थीहरुले के कति सिके सिकेनन् भन्ने कुराको मूल्याङ्कनको उचित

साधन नै नमुना अभ्यास हो । पाठ्यक्रमले हेरेर स्तर र तहका विद्यार्थीहरुको ज्ञान सिप तथा आवरणको मापन गर्न, निश्चित लक्ष्य पुरा गर्न अभ्यास राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा पाठ्य विषयअनुरूप फरक फरक ढाँचामा भाषिक सिपको विकास गराउने ध्येयले अभ्यासहरु राखिएका हुन्छन् ।"भाषा शिक्षणका सिलसिलामा विभिन्न प्रकृतिका प्रश्नहरु अभ्यासका लागि महत्त्वपूर्ण सामग्री बनेका हुन्छन्" शर्मा र पौडेल, (२०६० : ३९५) । भाषा पाठ्यक्रमका समग्र पाठ्यवस्तुलाई समेट्ने गरी यस किसिमका अभ्यासहरु निर्माण गरिएको हुन्छ ।

मूलतः माथिल्ला भन्दा तल्ला तहका पाठ्यपुस्तकमा संरचनात्मक, सिर्जनात्मक प्रकृतिका अभ्यासहरु प्रस्तुत गरिएका पाइन्छन् । विशेष गरी विद्यार्थीहरुले अन्य सन्दर्भ सामाग्रीहरु खासै प्रयोग नगर्ने तथा किताबी ज्ञानबाट नै भाषाको चौतर्फी सिप सिकिने हुँदा नमुना अभ्यासमा उनीहरुकै रुचि, क्षमता, स्तर अनुरूपका अभ्यास छनोट गरिएको हुन्छ । भाषा शिक्षण सिकाइ अन्य विषयको शिक्षण सिकाइ भन्दा भिन्न हुने भएकाले भाषा पाठ्य पुस्तकका अभ्यासमा शब्द भण्डार, उच्चारण, व्याकरण, भाषिक संरचना, लिखित, मौखिक क्रियाकलाप, अभिनय जस्ता पक्षमा ध्यान दिई अभ्यास राखिएको हुन्छ । भाषिक सिप हासिल गर्न गराउन शिक्षक, विद्यार्थीका साथसाथै अन्य मूल्याङ्कनकर्ताको निमित्त अभ्यास एक महत्त्वपूर्ण पक्ष हो ।

भाषा पाठ्यक्रमले निर्धारण गरेका शैक्षणिक उद्देश्य मापन गर्न सकिने ढंगबाट भाषा पाठ्य पुस्तकमा नमुना अभ्यास तयार गर्नु पर्दछ । विधाको स्वरूप पाठको प्रकृति, प्रस्तुति तथा ढाँचासँग मिल्ने किसिमले लिखित, मौखिक तथा प्रयोगात्मक अभ्यासको संरचना व्यवस्थित गरिनु पर्दछ । विधाको क्षेत्र र क्रममा ध्यान दिई नमुना अभ्यासको निर्माण गर्नु सबैभन्दा उत्तम हुन्छ । विद्यार्थीको तह तथा स्तर अनुरूप के कति शब्दाभण्डारको विकास गराउने तथा वाक्य संरचनागत सिप विकास गराउने, उमेर अनुरूप कस्तो अभ्यासको छनोट गर्ने भन्ने जस्ता कुरामा निकै ध्यान पुऱ्याउनु उचित हुन्छ ।

भाषा पाठ्यक्रममा प्रयुक्त नमुना अभ्यासले घरमा नै बसेर अध्ययन गर्ने विद्यार्थीका लागि तथा शिक्षण सिकाइ पछि गृहकार्य गर्न, गराउन उपयोगी हुनु पर्दछ । गर र सिक भन्ने सूत्रलाई अभ्यासले निरन्तरता दिने गर्दछ । अभ्यासात्मक कार्यकलापले शब्दभण्डार, पठनबोध, वाक्य निर्माण, अभिनय, व्याकरण, प्रयोगात्मक सिप जस्ता भाषाका महत्त्वपूर्ण पक्षमा उपयुक्त अवधारणाको विकास गराउन सहयोग पुऱ्याउँछ । अतः विद्यार्थीहरुलाई

समयानुकूल क्रियाशील बनाउन नमुना अभ्यास उद्देश्यमुखी, रचनात्मक, सिर्जनात्मक, स्तरयुक्त र सान्दर्भिक हुनु आवश्यक हुन्छ ।

## भाषा पाठ्य पुस्तकमा प्रयुक्त नमुना अभ्यासका विशेषता

भाषा पाठ्य पुस्तकमा नमुना अभ्यास नभई नहुने पक्ष हो । पाठ्य पुस्तकमा प्रत्येक पाठको अन्त्यमा नमुना अभ्यास राखिदिएको हुन्छ । ती अभ्यासहरु विधाका पाठअनरूरूप मिल्दो तवरले राखिदिएका हुन्छन् । पाठ्यक्रमका अपेक्षाहरु परिपूर्ति गराउने नमुना अभ्यासका विशेषताहरु निम्नानुसार छन् :

क) अभ्यासहरु पाठअनुरूप हुनुपर्छ ।

ख) अभ्यासहरु सिपपरक हुनु पर्छ ।

ग) अभ्यासहरु विषयवस्तु अनुरूप हुनु पर्छ ।

घ) अभ्यासहरुमा विधागत अनुरूपता हुनु पर्छ ।

ङ) अभ्यासहरुमा विविधता हुनु पर्छ ।

च) अभ्यासहरु गरेर सिक्ने सिद्धान्तमा आधारित हुनु पर्छ ।

छ) अभ्यासहरु निर्देशनात्मक, स्वतन्त्र र सिर्जनात्मक प्रतिभाको प्रष्फूटन गराउने पनि हुनु पर्छ ।

ज) अभ्यासहरु तल्ला कक्षाहरुमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपहरुसँग सम्बद्ध र क्रमबद्ध हनु पर्छ ।

झ) पाठसँग सम्बन्ध अभ्यास गराइ सके पछि साथसाथै भाषा तत्त्व र शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरु पनि राखिनु पर्छ ।

ञ) भाषा र व्याकरणका बीचको सह सम्बन्धलाई अभ्यासले कायम राख्नु पर्छ ।

ट) व्यारणिक जानकारीलाई निगमनात्मक पद्धतिमा होइन आगमनात्मक ढंगले प्रस्तुत गरिएको हुनु पर्छ ।

ठ) आगमनात्मक पद्धतिको अन्तिम उपाय अभ्यास गर्न गराउन पाठका खास अनुच्छेद वा अनुच्छेद समूहसँग सम्बद्ध गनुपर्छ ।

ड) अभ्यासहरुमा कक्षाको स्तर, मनोवैज्ञानिक पक्ष र शैक्षणिक अवस्थाको ख्याल गरिएको हुनुपर्छ, ढकाल (२०६३ : २४७)

यस प्रकार भाषा पाठ्य पुस्तकमा राखिएका नमुना अभ्यास विधाका पाठअनुरूप सिप परक विविधतामूलक विद्यार्थीका रुचि, क्षमता, स्तरअनुरूप हुनुपर्ने देखिन्छ ।

## भाषा शिक्षणमा नमुना अभ्यासको महत्त्व

राष्ट्रको बदलिदो परिस्थितीअनुरूप समग्र जनभावना, सामाजिक चाहना र आवश्यकतालाई ध्यान दिई पाठ्यक्रम निर्माण गरिन्छ । पाठ्यक्रम बौद्धिक वर्ग, समाजशेवी, सल्लाहाकार, विद्यार्थी, शिक्षक, विषय विषेशज्ञ आदिका विचार मन्थन गरी निर्माण गरिएको हुन्छ । यसरी निर्माण गरिएको पाठ्यक्रमका आधारबाट पाठ्य पुस्तक तयार गरिन्छ । यस किसिमका सामग्रीको उपयोग गरी गरिएको भाषा शिक्षणबाट विद्यार्थीले सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सिप हासिल गर्न सहज बन्दछ । "भाषा पाठ्य पुस्तकहरुका पाठहरुमा प्रस्तुत विषयवस्तु शब्दभण्डार र भाषिक संरचनाका आधारमा पाठको अन्त्यमा अभ्यासहरु राखिएको हुन्छ । यस्ता अभ्यासहरुको प्रयोजन बालबालिकाले उक्त विषयवस्तु शब्दभण्डार र भाषिक संरचनालाई खेलाएर भाषाका विभिन्न सिप र क्षमता प्राप्त गर्न सकून भन्ने हो" अधिकारी, (२०६२ : १६४) ।

भाषा पाठ्य पुस्तकको महत्त्वपूर्ण प्राज्ञिक पक्ष अभ्यास हो । भाषिक सिपको विकासमा अभ्यासले महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । "हासिल भएका सिपहरुलाई स्तरीय बनाउँदै लैजाने तथा तिनीहरुको स्थायित्व कायम राख्न पनि अभ्यासको आवश्यकता पर्ने भएकाले भाषा पाठ्य पुस्तक निर्माण गर्दा अभ्यासको योजना बनाउनु पर्याप्त जरुरी हुन्छ " भण्डारी र अन्य, (२०६८ : २१७) । त्यस्तै अभ्यासले नै भाषा र व्याकरण बीचको सम्बन्धलाई खार्ने काम पनि गर्छ । भाषा शिक्षण अन्य विषयको शिक्षणभन्दा फरक प्रकृतिको हुन्छ । विद्यार्थीका ज्ञान, सिप, क्षमता आदिलाई प्रकाशमा ल्याउन पठन पाठन पश्चात विविध क्रियाकलापमा सहभागी गराउनुपर्छ । यसका लागि नमुना अभ्यास महत्त्वपूर्ण साबित हुन्छ । विद्यार्थीको स्तर, क्षमता, रुचि, दक्षता लादिलाई ध्यान दिई पाठ्यपुस्तकमा नमुना अभ्यासको छनोट गरिन्छ । यसबाट नै विद्यार्थीको भाषागत रचनात्मक विकास गराउन मद्दत पुग्दछ । "नमुना अभ्यास विद्यार्थीको कठिन क्षेत्र पत्ता लगाउन सहायक हुन्छ" अधिकारी र शर्मा, ( २०६७ : २७) । त्यस्तै विद्यार्थीले विषयवस्तुको के कति ज्ञान हासिल गरे ? सिप विकास सम्बन्धिके कस्ता त्रुटि रहेका छन् । व्याकरणात्मक अवधारण के कस्तो रहेको छ भन्ने कुराको निक्यौल गर्न नमुना अभ्यास महत्त्वपूर्ण हुन्छ । "भाषा शिक्षण सिपको शिक्षण भएको हुँदा अभ्यास र त्यसको पुनरावृत्तिद्वारा मात्र सिक्न सकिन्छ र सिकेको सिकाईएका कुरालाई स्थायित्व प्रदान गर्न अभ्यास र आवृत्तिमा जोड दिनुपर्छ" (ढकाल, २०६३ : १३५) । यस्ता अभ्यास मार्फत अभिव्यक्तिमा ओजपूर्णता, तार्किकता र प्रस्तुतिमा

श्रुतिमधुर सिर्जनशील क्षमताको विकास गराई बालबालिकाको चौतर्फी विकास गर्ने सन्दर्भमा नमुना अभ्यासको नै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

विद्यार्थीहरुको सिर्जनशील क्षमताको विकास गराउने ध्येयका साथ राखिएका नमुना अभ्यास सरलदेखि जटिल क्रममा हुनुपर्ने, छनोट र स्तरको ख्याल गरिनु पर्ने, स्वाअध्ययनका दृष्टिले उपयुक्त हुनुपर्ने जस्ता गुणहरु हुन आवश्यक छ । अतः व्यावहारिक, रचनात्मक, बोध, अभिव्यक्ति क्षमताको विकास गराउने नमुना अभ्यास भाषा पाठ्य पुस्तकको महत्त्वपूर्ण पक्ष हो भन्न सकिन्छ ।

## नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिम

भाषा शिक्षणमा भाषिक सिपको विकासमा जोड दिइन्छ । भाषिक सिपको विकासमा सहयोग पुऱ्याउने महत्त्वपूर्ण पक्ष नमुना अभ्यास हो । अन्य विषयको तुलनामा भाषा विषयका अभ्यासमा विविध तरिकाले प्रश्नहरुको निर्माण गरिन्छ । एकै प्रकारको शैक्षणिक अभ्यासले भाषाका चारवटै सिपको विकास हुन सक्दैन । अतः विद्यार्थीको उमेर, स्तर, क्षमता, रुचि तथा पाठको प्रकृतिअनुसार राखिएको छ । जसलाई यस प्रकार उल्लेख गरिएको छ :

### सुनाइमा आधारित प्रश्न

प्रत्येक कार्यकलापको प्रारम्भ सुनाइबाट हुन्छ, कक्षामा पनि शिक्षकले व्याख्यान दिने, वर्णन गर्ने, विवरण दिने, प्रश्न सोध्ने र खास कार्यको टिप्पणी गर्ने आदि कुराहरुको लागि सुनेर बुझ्ने क्षमताको विकास गराउने उद्देश्यले राखिएको प्रश्नलाई सुनाइमा आधारित प्रश्न भनिन्छ । नमुना अभ्यासमा वोध र अभिव्यक्ति पक्षको विकास गराउन सुनाइमा आधारित प्रश्न राखिएको हुन्छ । यस अन्तर्गत खाली ठाँउ भर्ने, पाठको अनुच्छेद सुनेको आधारमा मौखिक जवाफ दिने, श्रुति लेखन जस्ता प्रश्न पुस्तक भित्र तथा बाह्य दुवै किसिमका प्रश्नहरुको छनोट उपयुक्त हुन्छ ।

### बोलाइमा आधारित प्रश्न

व्यक्तिका आवश्यकताहरु, इच्छा एवम् आकांक्षाहरु सरल रूपमा मौखिक वा बोलाइका माध्यमले व्यक्त गर्नुपर्दछ । स्तरीय र शिष्ट भाषाप्रति शिक्षार्थीहरुलाई प्रवृत्त गराउन तथा मौखिक अभिव्यक्तिको विकासमा न्यूनतम आवश्यकताहरु पूरा गराउने उद्देश्यले बोलाइमा आधारित प्रश्न राखिनु पर्दछ । कुनै पनि पाठको अन्त्यमा बोलाइ सिपको विकास गराउन शब्दहरु शुद्ध र स्पष्ट उच्चारण गर्ने उखान टुक्कालाई वाक्यमा प्रयोग गरी

कक्षामा सुनाउन कुनै पनि शीर्षकमा समूहमा छलफल गरी निष्कर्ष सुनाउने खालका प्रश्न राख्नु उपयुक्त हुन्छ ।

### पढाइमा आधारित प्रश्न

लिपिबद्ध सामग्रीलाई अर्थ ग्रहण गर्नु वा लेखिएको ज्ञान एवम् सूचनालाई पाठकद्वारा ग्रहण गर्नुका साथै लिपि चिन्हद्वारा व्यक्त भएका कुरालाई आफ्ना ज्ञान एवम् अनुभवका आधारमा ग्रहण गर्नु नै पढाइ हो । दृष्यात्मक अभिव्यक्तिलाई पाठकद्धारा वैचारिक भाव सम्प्रेषण गर्ने प्रक्रिया नै पढाइ हो । विद्यार्थीहरुलाई गति, यति, लय र विराम चिन्ह हाउभाउ मिलाई पढ्न तथा शुद्धता र स्पष्टता पूर्वक उच्चारण गरी पढ्न साथै शारीरिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले पढाइमा आधारित प्रश्न राखिनुपर्दछ । विद्यार्थीमा स्वअध्ययनको विकास गराउन थोरै समयमा धेरै जानकारी हासिल गर्न, मनोरञ्जन एवम् रुचि जगाउन शब्द भण्डारको वृद्धि एवम् विस्तार गर्न र गहन पठन गरी विश्लेषणात्मक क्षमताको विकास गर्न पढाइ सिपमा आधारित प्रश्न पाठ्यपुस्तकको नमुना अभ्यासमा राखिनु उपयुक्त ठहर्छ ।

### लेखाइमा आधारित प्रश्न

व्यक्तिमा विचारहरु विनिमय गर्ने अभिव्यक्तिको माध्यम लेखाइ हो । आफ्ना विचार एवम् अनुभवहरु अरुसमक्ष पुऱ्याउने माध्यम नै लेखाइ हो । शिक्षण सिकाइ क्रियाकलाप वा प्रक्रियाको एक महत्त्वपूर्ण अंग पनि हो । यसैका माध्यमबाट भाषिक तथा संज्ञानात्मक कार्यकलापहरु गराइन्छ । विद्यार्थीहरुले सुनेका, बुझेका र पढेका कुराहरुको सवलीकरण लेखाइको माध्यमबाट गराउनका लागि पुस्तकको नमुना अभ्यासमा लेखाइमा आधारित प्रश्न राखिनु उपयुक्त हुन्छ । विद्यार्थीहरुमा लिखित रूपमा आफ्ना विचारहरु विनिमय गर्न प्रश्नोत्तर, टिपोट, व्यख्या, सारांश लेखन, वर्णन गर्नु, मौलिक र सिर्जनात्मकरूपमा लेखाइ सिपको विकास गर्न, सिर्जनात्मक एवम् अभिव्यक्ति कलाको विकास गर्न तथा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन हरेक पाठको नमुना अभ्यासमा पढाइमा आधारित प्रश्न राखिनु अनिवार्य छ ।

## प्रश्नका प्रकृति

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा विभिन्न प्रकृतिका प्रश्नहरु राखिएका हुन्छन् । एकै किसिमका प्रश्नले सबै भाषिक अभ्यास विकास गराउन सक्दैन । माध्यमिक तहमा बोधात्मक, सिर्जनात्मक, वस्तुगत, अनुगमनात्मक, संख्यात्मक विविध किसिमका

प्रश्नहरु छनोट गरी राखिनु उपयुक्त हुन्छ । नमुना अभ्यासमा मूलतः विषयगत र वस्तुगत प्रकृतिका प्रश्नहरु राखिएका हुन्छन् जसको चर्चा यस प्रकार गरिन्छ :

**विषयगत प्रश्न**

विषयगत प्रश्न व्यक्तिनिष्ठ प्रश्न पनि भन्ने गरिन्छ । "विद्यार्थीमा भाषिक विषयवस्तुको क्षेत्र र ज्ञानात्मक गहिराइको साथै त्यसलाई प्रस्तुत गर्ने, प्रयोग गर्ने तथा उपयोग गर्ने क्षमता वा सिप र शैली कुन स्तरको छ ? र कला पक्ष तथा सफाई समेत कस्तो छ ? आदि कुराका साथै स्वतन्त्र सिर्जनात्मक एवम् मौलिक अभिव्यक्ति पक्षको स्तर र अभिक्षमता जाँच्नका लागि विषयगत प्रश्नको उपयोग गरिन्छ" शर्मा र पौडेल, (२०६० : ३६१) । यस किसिमका प्रश्नहरु मूलत वर्णनात्मक, व्याकरणत्मक, विवेचनात्क, तुलनात्मक, विश्लेषणात्मक, तार्किक, टिप्पणीमूलक र समीक्षात्मक किसिमका हुन्छन् । यद्यपि यस्ता प्रश्नहरु सीमित हुने भएकाले व्यापक विषयलाई ढाक्न सक्दैनन् । विषयगत प्रश्नलाई अधिकारी र शर्मा (२०६७ : १४९-१५०) ले संक्षिप्त र अन्य गरेर तीन किसिममा विभाजन गरेको पाइन्छ जो निम्न लिखित छनः

**संक्षिप्त उत्तरात्मक प्रश्न**

"छोटा छोटा उत्तर दिए पुग्ने खालका प्रश्नहरु संक्षिप्त उत्तरात्मक प्रश्नहरु हुन" अधिकारी र शर्मा, (२०६७ : १४९) । तल्ला तहमा यस किसिमका प्रश्नहरु बढी उपयोगी मानिन्छ । "वैयक्तिक शैलि प्रस्तुति संगठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र संक्षिप्तता र व्यापकता सङ्ख्यात्मक बहुलता, प्रयोजनपरकता, प्रयोग पहिचानात्मकता आदिका दृष्टिले वस्तुको गुण समेत झल्किने यस्ता प्रश्नलाई वस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी प्रश्न पनि भन्न सकिन्छ" शर्मा र पौडेल, (२०६० : ३६२) यस्ता प्रश्नहरुमा के, को, कुन, कस्तो, कति, कहाँ, कहिले, किन र कसरी आदि प्रश्नवाचक शब्दहरुको प्रयोग गरिएको हुन्छ । यस्ता प्रश्नहरु भाषिक सिप जाँच्ने किसिमले तय गरिनु पर्छ । जस्तै :

क) लक्ष्मणका विचारमा रावणको दुर्दशा हुनुको कारण के हो ? (ने.पृ.स.७)

ख) बर्षा ऋतुको विशेषताहरु के के हुन् ? (ने.पृ.स.७६)

**निबन्धात्मक प्रश्न**

"लामा लामा उत्तर दिनु पर्ने प्रश्नहरु निबन्धात्मक हुन । यस्ता प्रश्नहरु साना साना कक्षाका लागि त्यति उपयोगी हुदैनन् । तापनि पाठको सारांश लेख्ने प्रबन्ध लेख्ने आदि

प्रयोजनका लागि उपयोग गर्नु पर्ने हुन्छ” अधिकारी र शर्मा, (२०६७ : १४९) । खास गरी एक भन्दा बढी अनुच्छेदमा निबन्ध जस्तो लामो पारामा लेखिने भएकाले यस्ता प्रश्नलाई निबन्धात्मक प्रश्न भनिएको हो । “निबन्धात्मक प्रश्नहरुलाई अभिव्यक्ति सिप जाँच्ने र खास विषयवस्तुको ज्ञान जाँच्ने गरी दुई किसिमबाट उपयोग गर्न सकिन्छ” शर्मा र पौडेल, ( २०६० : ३६२) यस किसिमका प्रश्नहरुका नमुना अभ्यास राख्दा विद्यार्थीको स्तर क्षमता र तह हेरी निर्धारण गरिनु उपयुक्त हुन्छ, जस्तै :

क) थाङ्काको प्रबर्धन गर्न सक्दा नेपाललाई के कस्ता फाइदा हुन्छन् विवेचना गर्नुहोस (ने.पृ.स.३५) ।

ख) के “जय भुँडी” निबन्धमा निबन्धकारले भने जस्तै कुनै दिन उन्नाइसौ महा पुराणका रूपमा भुँडी पुराण जोडिएला, तार्किक उत्तर दिनुहोस् (ने.पृ.स.१३२) ।

## अन्य विविध प्रश्न

उपर्युक्त संक्षिप्त र विषयगत प्रश्नका साथै पाठ्यपुस्तकको नमुना अभ्यासमा तल दिइएका किसिमका प्रश्नहरुको नमुना पनि उपयोग गरिएको पाइन्छ । यस किसिमका प्रश्नहरु पाठको अभ्यासका क्रममा उपयोगी ठहर्दछन् ।

## शुद्ध गर्ने

नमुना अभ्यासमा पाठका शब्दहरु अशुद्ध बनाएर प्रस्तुत गरी ती शब्दहरुको शुद्ध रूप पहिल्याई लेख्न लगाउने गरी प्रश्नहरु तय गरिएको हुन्छन् । “मूल्याङ्कनात्मक रूपमा यसको उपयोग सम्बन्धित विद्यार्थीको भाषिक क्षमता ठम्याउने गर्न सकिन्छ भने अभ्यासात्मक रूपमा यसले पाठको अभ्यासको विविधता थप्न मद्दत पुऱ्याउदछ ” अधिकारी र शर्मा, (२०६७ : १५०) । यस किसिमका प्रश्न उदाहरण :

तल दिईएका शब्दहरु शुद्ध गरी सार्नुहोस् :

बाँकी रकम पुष्टकहरुका साथै विल प्राप्त हुनासाथ भूक्तानि गरीने बेहोरा अनुरोध गरीन्छ (ने.प.स.५०) ।

## पुनर्लेखन गर्ने

“दिइएका कुराहरुलाई मिलाएर लेख्नु वा सन्दर्भ अनुसार आवश्यक हेरफेर गरी लेख्नु पुनर्लेखन हा” अधिकारी र शर्मा, (२०६७ : १५०) नमुना अभ्यासमा यस सन्दर्भमा निकै उपयोगी ठहर्छन् । यस्ता प्रश्नको उपयोग वाक्यढाँचा नै परिवर्तन गरी लेख्ने अभ्यासका रूपमा केही माथिल्ला कक्षामा बढी उपयुक्त ठहर्छन् । पुनर्लेखन गराउने शुद्ध पारेर पुनर्लेखन

गराउने मानिस वस्तु आदि परिवर्तन गरेर पुनर्लेखन गराउने, काल परिवर्तन गरेर पुनर्लेखन गर्न लगाउने गरी तयार गरिएको पाइन्छ । उदाहरणार्थ :

"जन्मभूमी"पाठको पहिलो अनुच्छेदलाई सामान्य वर्तमान कालमा बदली पुनर्लेखन गर्नुहोस् । (ने.पृ.स.७)

**उच्चारण गर्न लगाउने**

उच्चारणमा बढी त्रुटि हुने शब्दकोजोडीहरु छानी तिनको उच्चारण गर्न लगाउने गरी नमुना अभ्यासमा प्रश्नहरु तय गरिएको हुन्छ । जस्तै,

सभाध्यक्ष, अङ्गप्रत्याङ्ग, दुर्व्यसन, दुष्प्रवृत्ति, पुनर्स्थापना, कलङ्कित, प्रत्यारोपण, बहिष्कृत, उलङ्घन, दुर्व्यवहार, पुनर्मिलन आदि ।

**शब्दार्थ पहिल्याई वाक्यमा प्रयोग गर्न लगाउने**

नमुना अभ्यासमा कठिन तथा पाठमा प्रयोग गएका नयाँ नयाँ शब्दहरुको अर्थ पहिल्याई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउने गरी प्रश्नहरुको परीक्षण गर्न यस किसिमका प्रश्नहरु तय गरिन्छन् । जस्तै :

तलका शव्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस :

प्रचार, दर्शन, सबै, मानिस, उपदेश, प्राणी, व्रत

**वाक्य रचना गर्न लगाउने**

"वाक्य रचना सम्बन्धिप्रश्न पनि मूल्याङकनात्मक र अभ्यासात्मक दुबै प्रयोजनका लागि उपयोगी हुन्छन् । यसमा विभिन्न शब्दहरु दिई वाक्य बनाउन लगाइन्छ" अधिकारी र शर्मा, (२०६७ : १५३)

जस्तैः तल दिइएका विस्मयादि बोधक शव्दहरुको प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् ।

ओहो, हरे, कठैवरा, आवुइ, छ्या, थुक्क

**वस्तुगत प्रश्न**

विविध परीक्षकहरुले परीक्षण गर्दा पनि एउटै अङ्क आउँछ भने यस किसिमका प्रश्नहरु वस्तुगत हुन् । वस्तुगत प्रश्नको उपयोग विषयगत प्रश्नका कमजोरी हटाउनका लागि अभ्यासमा ल्याइएको हो । एक पटकमा एउटा कुराको मात्र परिक्षण गर्न सकिने मुख्य विशेषता भएका यस्ता प्रश्नहरु मूलतः बोध, उच्चारण, शव्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास र व्याकरण तत्त्वहरुको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन्  शर्मा र पौडेल, (२०६७ :

३६२) । यस्ता प्रश्नहरु वैज्ञानिक र वस्तुनिष्ट हुने भएकाले यसमा विश्वसनीयता र वैधता उच्च रहन्छ। भाषिक परीक्षणका लागि उपयोगी हुने वस्तुगत प्रश्नहरु निम्न लिखित छन् :

**बहुवैकल्पिक प्रश्न**

"प्रश्नमै आवश्यकताअनुसार तिनदेखि पाँच वटासम्म ( मूलतः चार वटा ) वैकल्पिक उत्तरहरुको व्यवस्था गरी त्यसैबाट सही उत्तर पत्ता लगाएर घेरा (० वा रेजा) चिनो लगाउने लगाइने प्रश्नलाई बहु वैकल्पिक प्रश्न भनिन्छ" शर्मा र पौडेल, (२०६७ : ३६४) भाषिक परीक्षणका क्रममा मूलतः श्रुतिबोध, पठनबोध, व्याकरण तत्त्व वर्णविन्यास, शब्दार्थ, शब्द निर्माण र वाक्य गठन आदिको परीक्षण गर्न यस किसिमको प्रश्न उपयोगी हुन्छ । जस्तैः

उपयुक्त उत्तरमा ठिक (✓) चिन्ह दिनुहोस्

**क) पूर्ण भूतकालको वाक्य कुन हो** ?

अ) कवि काव्य लेख्छन् ।

आ) कविले काव्य लेखेका थिए ।

इ) कवि कविता लेख्दै छन् ।

ई) कविले काव्य लेखेका छन् ।

**खाली ठाउँ भर्ने प्रश्न**

"प्रश्नका आधार वाक्यमै निश्चित शब्दहरु हटाएर खाली राखी ती ठाउँहरुमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाँउ भर्ने प्रश्न भनिन्छ"शर्मा र पौडेल, (२०६७) । विद्यालय तहका पाठ्यपुस्तकमा यस किसिमका प्रश्नहरुका मूलत खुला प्रकृतिका नभई बन्द प्रकृतिका हुन्छन् । बहुवैकल्पिक प्रश्नमा जस्तै विकल्प (३/४) ओटा वाक्यका पछाडि कोष्ठकमा राखिएको हुन्छ र विद्यार्थीले सही छानेर खाली ठाँउमा आपूर्ति गर्नु पर्ने हुन्छ । "यस्तो विकल्प कक्षाको स्तर हेरी विद्यार्थी स्वयम्ले वचन, लिङ्ग, काल, पुरुष, आदार आदि सम्बन्धिसङ्गति मिलाएर भर्नुपर्ने गरी एउटा मात्र मूल शब्द वा धातुको रूपमा पनि हुन सक्छ" शर्मा र पौडेल, (२०६७ : २६३) । यस किसिमका प्रश्नहरु मूलतः शब्द प्रयोग सिपको परीक्षणका लागि उत्तम मानिन्छन् । उदाहरणको लागि :

कोष्ठकमा दिइएका शब्दहरु मध्येबाट खाली ठाँउ भर्नुहोस् ।

क) अनायस शब्दको पर्यायवाची शब्द.......... हो । (एकाएक ,औधी, एक्लै)

ख) रहर र भरी ..........शब्द हुन् । (पर्यायवाची, अनेकार्थी, श्रुतिसम भिन्नार्थी)

ग) "आरम्भ" को विपरीतार्थक शब्द .......हो । (प्रारम्भ, विलम्ब, अन्त्य)

घ) सब र शव ......... शब्द हुन् । ( पर्यायवाची, अनेकार्थी, श्रुतिसमभिन्नार्थी)

ङ) .........को सानो बुझाउने शब्द टुकी हो । ( अँध्यारो, उज्यालो, बत्ती)

## ठिक बेठिक छुट्याउने प्रश्न

"ठिक बेठिक छुट्याउने प्रश्नहरुमा मिल्दा र अमिल्दा उत्तरहरु छ्यासमिस गरी विद्यार्थीहरुलाई छुट्याउन लगाइन्छ" अधिकारी र शर्मा, ( २०६७ : १४८) । "श्रुतिबोध, पठनबोध, वाक्य गठन, शब्द प्रयोग र धारणाको परीक्षणका लागि उपयोग गर्न सकिने र विश्वासनीय मानिदैन" शर्मा र पौड्ल, (२०६० : ३६४) । यस किसिमका प्रश्नहरु प्रारम्भिक तहमा मात्र उपयोगी ठहर्छन । यस किसिमका प्रश्नका उदाहरणः

ठिक बेठिक छुट्याउनुहोस ।

क) अझ राम्रो र गुणस्तरीय जीवन बाँच्न मानिसले हरहमेसा प्रयत्न गरिरहन्छ ।

ख) एकल प्रयत्नबाट सम्भव नहुने काम त्यतिकै छाडिन्छ ।

ग) कुनै प्रयत्नबिना नै मानिस जंगली युगबाट आजको अत्याधुनिक युगमा आइपुगेको हो ।

## जोडा मिलाउने प्रश्न

जोडा मिलाउने प्रश्न पनि मूलतः प्रारम्भिक तहका विद्यार्थीका लागि उपयुक्त ठहर्छन् । "व्यक्ति, वस्तु, धारणा आदि सम्बन्धिकुरालाई दुई समुहमा राखेर प्रायः पछिल्लो समूहलाई छ्यासमिस बनाई अघिल्लो समूहको निर्देशित ठाउँमा पछिल्लो समूहको उपुक्त संकेत उल्लेख गर्ने वा धर्को तानेर देखाउने पर्ने किसिमका प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ" शर्मा र पौडेल, (२०६७ : १६४) । "यस्ता प्रश्नमा प्राय उत्तराखण्ड बढिहुनु पर्ने मानिन्छ । यस्ता प्रश्नहरु परिभाषा, घटना, मिति, शब्दार्थ आदि कुराहरु जाँच्न प्रयोग गरिन्छ" अधिकारी र शर्मा, (२०६१ : १४८) । जस्तै जोडा मिलाउनु होस ।

| समुह क | समुह ख |
|---|---|
| डोल्मा नाच्दै थिइन | अपूर्ण वर्तमान |
| छिरीङ पढ्दै छ | अपूर्ण भविष्यत |
| सोनवा लेख्दै हुनेछे | अपूर्ण भूत |
| शंकर खेल्दै छ | अपूर्ण वर्तमान |
| सीमाले कथा भन्दै थिइन | अपूर्ण भविष्यत |
| म पढ्दै हुनेछु | अपूर्ण भूत |

# अध्याय तिन

## अनुसन्धान विधि/प्रक्रिया

## अनुसन्धानात्मक ढाँचा

शोधका प्रकृतिले यसका विधि/प्रविधि तथा उपकरणहरुमा भिन्नता आउँछ। प्रस्तुत शोधकार्य मूलतः पुस्तकालयीय विधिमा आधारित रहेको छ। यस शोधकार्यमा निम्न अध्ययन विधि तथा प्रक्रियाहरु अपनाइएको छ । प्रस्तुत अध्ययन परिमाणात्मक अध्ययन नभएर गुणत्मक अध्ययन हो। उक्त अध्ययनको ढाँचा यस प्रकार रहेको छ :

तालिका नं. १ अध्ययनको ढाँचा

| नमुना छनोट | सामग्री | | विधि | निष्कर्ष |
|---|---|---|---|---|
| कक्षा दश को वर्तमान नेपाली भाषा पाठ्यपुस्तक | प्राथमिक | द्वितीयक | पुस्तकालयीय<br>वर्णनात्मक | व्याख्या<br>तालिकीकरण<br>विश्लेषण |

## तथ्याङ्क संकलनका स्रोत

प्रस्तुत शोधमा निम्न दुई किसिमका सामग्रीहरु उपयोगमा ल्याइएको छ :

### प्राथमिक सामग्री

यो शोधपत्र कक्षा दश को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययनमा केन्द्रित रहेकाले प्राथमिक सामग्री अन्तर्गत पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरद्वारा (२०७३) प्रकाशित कक्षा दश को पाठ्य पुस्तकलाई आधारका रूपमा लिइएको छ।

### द्वितीयक/गौण सामग्री

प्रस्तुत शोधमा शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरु, प्रकाशित खोजमूलक लेखहरु, प्रतिवेदनहरु, भाषा शिक्षण सम्वन्धि पुस्तकहरु आदि द्वितिय स्रोतका रूपमा उपयोग गरिएको छ।

## तथ्याङ्क संकलन विधि

प्रस्तुत शोधपत्रलाई पूर्णता दिनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु पुस्तकालयमार्फत संकलन गरिएको छ। यसका साथै विभिन्न पत्र पत्रिका, यसअघि गरिएका

अनुसन्धान शोधपत्र तथा कक्षा दशको नेपाली पाठ्यपुस्तकआदि बाट पुस्तकालयिय विधिको प्रयोग गरेर तथ्याङ्क संकलन गरिएको छ ।

## तथ्याङ्क विश्लेषण विधि

अध्ययनका लागि सामग्री संकलन गरेपछि पुस्तकालयीय, वर्णनात्मक र विश्लेषणात्मक विधिलाई उपयोग गरी नमुना अभ्यासको अध्ययन र विश्लेषण गरिने छ । आवश्यकता अनुसार अध्ययनका क्रममा तालिकीकरण समेत गरिएको छ ।

## अनुसन्धान प्रक्रिया

अध्ययन अनुसन्धानको एक महत्वपूर्ण पक्ष भनेको तथ्याङ्क विश्लेषण हो । विभिन्न स्रोतहरुबाट प्राप्त जानकारीहरुलाई तथ्यपरक रूपमा व्याख्या र विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्रीहरु संकलन गरिएको छ । संकलित सामग्रीहरुको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पाठ्यपुस्तकहरु, शीर्षकसँग सम्बन्धित शोधपत्रहरु, भाषाशिक्षण सम्बन्धिपुस्तकहरु, लेखरचना, टिपोट, प्रतिवेदनहरु साथै प्रकाशित र अप्रकाशित शोधपत्रबाट सामग्रीहरु संकलन गरिएको छ । आवश्यकता अनुसार तालिकीकरण समेत गरिएको छ । प्रस्तुत शोधपत्र निर्माण गर्दा कक्षा दशको भाष पाठ्यपुस्तकमा भएका नमुना अभ्यासहरुको अध्ययन, विश्लेषण गरिएको छ ।

यस शोधपत्रलाई पूर्णता दिनका लागि अध्याय एकमा नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको परिचय, समस्या कथन अध्ययनको उद्देश्यहरु निर्धारण गरी अध्ययनको औचित्यर र महत्त्वलाई प्रष्ट्याउदै अध्ययनको परिसिमा र शोधपत्रको रूपरेखा आदिका बारेमा चर्चा गरिएको छ । अध्याय दुई अन्तर्गत पूर्वकार्यको समीक्षा गरी अध्ययनमा पूर्वकार्यको उपयोगिता दर्शाउदै अध्ययनको सैद्धान्तिक रूपरेखा अन्तर्गत भाषा पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यक्रमको परिचर्चा, पाठ्यपुस्तक, पाठ्यक्रम र नमुना अभ्यासको सम्बन्ध आदिका बारेमा खोज मूलक चर्चा गरिएको छ । यसै गरी भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको विशेषता, भाषा शिक्षणमा नमुना अभ्यासको महत्त्व, नमुना अभ्यासमा समावेश गरिने प्रश्नमा किसिम आदिका बारेमा विश्लेषण गरिएको छ । यसरी नै अध्याय तीनमा अनुसन्धानात्मक ढाँचा तयार गरी तथ्याङ्क संकलनका स्रोत, विश्लेषण विधि आदिका बारेमा चर्चा गरिएको छ । अध्याय चारमा नमुना अभ्यासको

विधागत गर्न हरेक विधामा समावेश गरिएका प्रश्नहरुका प्रकारका बारेमा विश्लेषण गरिएको छ । अध्याय पाँचमा समग्र शोधपत्रको सारांश प्रस्तुत गर्दै अध्ययनका क्रममा प्राप्त भएका तथ्यगत कुराहरुलाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । यसै गरी यस शोधपत्र मार्फत तीन तहका लागि सुझाव समेत यसको सुझाव खण्डमा प्रस्तुत गर्दै अन्त्यमा सन्दर्भ सामग्रीलाई समेत समाविष्ट गरिएको छ ।

# अध्याय चार

## कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको विधागत विश्लेषण

### विषय प्रवेश

नमुना अभ्यास भाषा पाठ्यपुस्तकको एक महत्त्वपूर्ण अंग हो । यसले विद्यार्थीको भाषिक सिप विकासमा सहयोग पुऱ्याउँदछ । प्रत्येक नमुना अभ्यासले विद्यार्थीको भाषिक विकासमा सहयोग पुऱ्याउँछ, यदि नपुऱ्याएमा त्यसको कुनै अर्थ हुदैन । अतः उनीहरुको भाषिक व्यवहारमा सकरात्मक परिवर्तन ल्याउने विधाका पाठ अनुरूप स्तर, तह, रुचि क्षमता सुहाउदो गरी नमुना अभ्यास निर्धारण गरिएको हुनु पर्दछ । यो अध्ययनको यो शीर्षक कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा विधागत रूपबाट व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा कथा, कविता, जीवनी, प्रबन्ध, रूपक, चिठी तथा निवेदन विधालाई छुट्टाछुट्टै शीर्षकमा रहेर व्याख्या विश्लेषण र तालिकीकरण समेत गरिएको छ । यसरी व्याख्या र विश्लेषण गर्नु भन्दा पहिले कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा रहेका सबै पाठहरुलाई विधागत र तालिकामा प्रस्तुत गरिएको छ। पुस्तकमा भएका प्रश्नहरुको संख्यात्मक विवरण यस प्रकार छ :

तालिका नं. २ प्रश्नहरुको संख्यात्मक विवरण

| क्र.स. | विधा | संख्या | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सृजनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | ४ | १३ | १६ | १७ | २७ | ६ | ७८ | २४.२९ |
| २ | कविता | ३ | १० | १२ | १० | २३ | ४ | ५९ | १८.३८ |
| ३ | जीवनी | २ | ७ | ८ | ८ | ११ | ३ | ३७ | ११.५४ |
| ४ | निवन्ध | ३ | १२ | १४ | १४ | २२ | ३ | ६५ | २०.२४ |
| ५ | रूपक | ३ | ९ | ११ | ११ | २४ | ७ | ६२ | १९.३१ |
| ६ | चिठी | १ | ३ | ६ | ३ | ४ | ३ | १९ | ५.९२ |
| | जम्मा | १६ | ५४ | ६७ | ६३ | १११ | २६ | ३२१ | |
| | प्रतिशत | | १६.८२ | २०.८७ | १९.६० | ३४.६१ | ८.१० | | १०० |

स्रोतः कक्षा १०, नेपाली, २०७४

प्रस्तुत माथिको तालिकालाई अध्ययन गर्दा सबै भन्दा बढि प्रश्न लेखाइ सिपसँग सम्बन्धित प्रश्नहरु राखिएको पाइयो । यसमा जम्मा प्रश्न संख्या १११ अर्थात ३४.६१ प्रतिशत रहेको छ भने सबै भन्दा कम प्रश्न सृजनात्मक प्रकृतिका प्रश्नहरु रहेको छ। यस्ता प्रश्नमा जम्मा २६ ओटा अर्थात ८.१० प्रतिशत मात्र प्रश्न रहेको छ । विधागत रूपमा

नमुना अभ्यासको विश्लेषण गर्दा सबै भन्दा धेरै कथा विधामा ७८ ओटा अर्थात २४.२९ प्रतिशत प्रश्नहरु रहेको छ भने सबैभन्दा थोरै चिठी विधामा जम्मा १९ ओटा अर्थात ५.९२ प्रतिशत प्रश्नहरु रहेको पाइयो । लेखाइ सिपका प्रश्नहरु धेरै हुनुले सकरात्मक देखिए पनि सृजनात्मक प्रकृतिका प्रश्नहरु कम हुनुले यसमा केहि कमजोरी भएको देखिन्छ । यसरी नै विधागत रूपमा कथा विधा धेरै भएकाले प्रश्नहरु पनि धेरै हुनु र चिठी विधा कम भएकाले प्रश्नहरु नै कम देखिनुले नमुना अभ्यासको तालमेल भएकै देखिन्छ ।

## कथा विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको र विश्लेषण

भाषका चारैवटा सिपको प्रभावकारी ढङ्गले विकास गर्नका लागि कथा विधा विद्यालयको तल्लो तहदेखि माथिल्लो तहसम्म प्रभावकारी र निक्कै लोकप्रिय विधा हो । माध्यमिक तहका विद्यार्थीहरुका लागि कथाले विषयवस्तुमा रुचि जगाउने कथा कथन थर्ने, आदि सिपको विकास गर्न सहयोग पुऱ्याउछ । यस तहमा पौराणिक, सामाजिक र मनोवैज्ञानिक कथालाई छनोट गरेको पाइन्छ । कथा शिक्षणले भाषिक संरचना, शब्द भण्डारको बृद्धि, उखान टुक्का, पर्यायवाची, विपरीतार्थी, पारिभाषिक शब्दको खोज तथा प्रयोग गर्न मद्दत गर्दछ । यहाँ कथा विधा अर्न्तगत व्याकरण पक्षभन्दा भिन्न रहेका सुनाइ, बोलाइ, पढाइ, लेखाइ र सिर्जनात्मक किसिमका प्रश्नहरुका आधारमा प्रश्नहरुको संख्यात्म्क प्रतिशतका आधारमा तालिकीकरण गरी तिनको विश्लेषण गरिएको छ ।

तालिका नं ३ कथा विधाका प्रश्नहरुको वितरण र विश्लेषण

| क.स. | शीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जन्मभूमि | ३ | ४ | ४ | ६ | २ | २१ |
| २ | प्रत्यागमन | ४ | ६ | ५ | ६ | २ | २३ |
| ३ | लक्ष्मीपूजा | ३ | ३ | ४ | १० | १ | २१ |
| ४ | माउजङ्ग बाबु साहेवको कोट | ३ | ३ | ४ | ५ | १ | १६ |
| | जम्मा | १३ | १६ | १७ | २६ | ६ | ८१ |
| | प्रतिशत | १६.०४ | ७५.३० | २०.९८ | ३२.०९ | ७.४० | |

स्रोतः कक्षा १०, नेपाली, २०७४

माथिको तालिकाअनुसार कक्षा दशमा कथा विधा अन्तर्गत जम्मा चारवटा कथाहरु रहेका छन् । जसमा व्याकरण पक्ष ( कार्यमूलक व्याकरण) भन्दा बाहेकका नमुना अभ्यासका प्रश्नहरु जम्मा ३२१ ओटा रहेका छन् । उक्त प्रश्नहरु अभ्यास खण्ड, शव्दभण्डार खण्ड, उच्चारण र हिज्जे खण्ड तथा सिर्जनात्मक अभ्यास खण्ड रहेका छन् । यस विधामा जम्मा ८१ ओटा प्रश्न छन् । जसमा औषत प्रश्न मध्ये कथा विधामा २४.२९ प्रतिशत रहेको

देखिन्छ । सिर्जनात्मक प्रकृतिका प्रश्न ६ ओटा ( ७.४० ) सुनााइसँग सम्बन्धिप्रश्न १६ ओटा ( १७.३० ), बोलाइसँग सम्बन्धित प्रश्न १७ ओटा ( २०.९८ ) र लेखाइसँग सम्बन्धित प्रश्न २६ ओटा ( ३२.०९ ) प्रतिशत रहेका छन् ।

यसरी सम्पूर्ण प्रश्नलाई तुलता गर्दा लेखाइ प्रकृतिका प्रश्नको संख्या बढी रहेको देखिन्छ । विद्यार्थीले आफ्नो मौलिक तर्क तथा मौन अध्ययनबाट अभ्यास गर्न सकिने किसिमले त्यस्ता प्रश्न उपयोगी देखिन्छन् । छोटा छरिता उत्तर दिन सकिने तथा आफ्नै भाषा शैली प्रयोग गरी आफ्ना विचार अभिव्यक्त गर्न सकिने यस किसिमका प्रश्नहरु माध्यमिक तहमा उपयोगी मानिन्छ । भाषिक सिप विकास गराउन तथा बोलाइ क्षमताको विकास गराउन बोलाइ सिपसँग सम्बन्धित प्रश्न प्रभावकारी देखिन्छ । वस्तुगत प्रश्न अन्तर्गत ठीक बेठिक छुट्याउने, जोडा मिलाउने प्रश्न प्रयोग गरिएको देखिन्छ भने पढाइ क्षमताको विकासका लागि सस्वर वाचन, मौन वाचन र द्रुत वाचन गर्ने खालका प्रश्न राखिएको देखिन्छ । यस्ता प्रकृतिका प्रश्नमा निकै जोड दिने प्रयास गरिएको छ । यस्ता प्रश्नबाट विद्यार्थीहरुमा स्वतन्त्र रूपले उत्तर खोजेर लेख्न सक्ने क्षमताको विकास सम्भव हुन्छ ।

यसरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ र सिर्जनात्मक प्रश्नहरुको अध्ययनमा भाषाका चारै सिपहरुलाई बढी जोड दिएको पाइन्छ । यो राम्रो पक्ष हो । माध्यमिक कक्षाहरुमा बोध र अभिव्यक्तिका मौखिक अभ्यासलाई अधिक समय दिनु वाञ्छनिय हुन्छ भन्ने कुराले यसलाई पुष्टि गर्छ । कथा अन्तर्गत विविध प्रकृतिका प्रश्नहरुको केही नमुना तल प्रस्तुत गरिएको छ ।

### सुनाइ सिपसँग सम्बन्धित प्रश्न :

१) प्रत्यागमन कथाको आठौं अनुच्छेद श्रुति लेखन गनुहोस् (ने.पृ.स.६४) ।

२) शोभाले किन हर्षाश्रु झारिन् ? (ने.पृ.स. ६४)

### बोलाइ सिपसँग सम्बन्धित प्रश्न

तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् (ने.पृ.स.६) ।

अहङ्कार, हडप्नु, सर्वाधिक, परास्त, आग्रह, पक्षपाती, अधीनस्त, हस्तान्तरण

### पढाइ सिपसँग सम्बन्धित प्रश्न

१) जन्मभूमि पाठको चौथो अनुच्छेद पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

क) लक्ष्मणका मनमा के के कुरा ताजा भएर आए ?

ख) लक्ष्मणका दाजु र भाइहरुको नाम के के थियो ?

ग) राम र सीताको विवाह कसरी भएको थियो ?

घ) लक्ष्मण के मा हराइरहेका थिए ? (ने.पृ.स.६)

## लेखाइसँग सम्बन्धित प्रश्न :

क) लक्ष्मणका विचारमा रावणको दुर्दशा हुनको कारण के हो ? (ने.पृ.स.७)

ख) लक्ष्मीपूजा कथामा बाल मनो विज्ञानको प्रयोग के कसरी भएको छ , विवेचना गनुहोस् (ने.पृ.स.१२) ।

## सिर्जनात्मक प्रश्न

जानकार व्यक्तिहरुसँग सोधेर दुर्व्यसन र लागु औषधीको प्रयोगका हानिका बारेमा कम्तीमा दुई अनुच्छेद लेख्नु होस् (ने.पृ.स.९) ।

यस विधामा तुलनात्मक रूपमा खाली ठाँउ भर्ने प्रश्न राखिएको छैन र अन्य सबै प्रकृतिका प्रश्नलाई क्रमबद्ध रूपमा मिलाउने प्रयास गरिएको छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ प्रकृतिका प्रश्नहरू पाठ अनुरूपनै लय गरिएका छन् । प्रयोगात्मक प्रश्नमा निकै विविधता रहेको छ । यो राम्रो पक्ष हो । वस्तुगत प्रश्न अन्तरगत बहुवैकल्पिक र खाली ठाँउ भर्ने प्रश्न दिएको छैन । समग्रमा वस्तुगत र सिर्जनात्मक प्रकृतिका प्रश्नहरु कम देखिन्छन् भने बोधात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरु बढी छन् , र अन्य प्रश्नहरु उपयुक्त तथा स्तर अनुरूपनै रहेका छन् ।

## कविता विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको र विश्लेषण

कविता विधा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा तिन ओटा राखिएको पाइन्छ । माध्यमिक तहका कक्षाहरु गति, यति मिलाई लयबद्धरूपमा सस्वर पठनको अभ्यास गराउनु कविता शिक्षणको उद्देश्य हो । यस्तै कविता प्रति रुचि जगाउनु कल्पना शक्तिको विकास गर्नु, अन्ततः भाषिक सिपको विकास गर्नु गराउनु कविता विधाले सहयोग पुऱ्याउँछ । कविता विधा अन्तर्गत व्याकरण अभ्यासभन्दा भिन्न रहेर सुनाइ, बोलाइ,

पढाइ, लेखाइ तथा सिर्जनात्मक किसिमका प्रश्नका आधारमा संख्यात्मक प्रतिशत निकालि तिनको तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं.४ कविता विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको वितरण र विश्लेषण

| क्र.स. | शीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सन्तुष्टि | ३ | ४ | ३ | ७ | २ | १९ |
| २ | वर्षा | ४ | ४ | ५ | ६ | १ | २० |
| ३ | म सडक बोल्दै छु | ३ | ४ | २ | १० | १ | २० |
| | जम्मा | १० | १२ | १० | २३ | ४ | ५९ |
| | प्रतिशत | १६.९४ | २०.३३ | १६.९४ | ३८.९८ | ६.७७ | |

स्रोतः कक्षा १०, नेपाली, २०७४

माथि दिएको तालिका अनुसार कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा तिन ओटा कवितहरु समाविष्ट छन् । लय वाचनलाई निक्कै महत्त्व दिदै सबै क्षेत्र विशेषका प्रश्नहरु समावेश गरिएको छ । कार्यमूलक व्याकरण बाहेक जम्मा ५९ ओटा प्रश्नहरु रहेका छन् । सुनाइ सिप अन्तर्गत कुल प्रश्नको १६.९४ प्रतिशत बालाइ सिप अन्तर्गत २०.३२ प्रतिशत, पढाइ सिप अन्तर्गत १६.९४ प्रतिशत, लेखाइ सिप अन्तर्गत ३८.९८ प्रतिशत र सिर्जनात्मक प्रश्न अन्तर्गत ६.७७ प्रतिशत प्रश्नहरु रहेका छन् ।

यसरी कविता विधा अन्तर्गतका सम्पूर्ण प्रश्नलाई हेर्दा लेखाइ सिप सम्बन्धिप्रश्न तुलनात्मकरूपले बढी देखिन्छ । त्यसपछि क्रमशः सुनाइ, पढाइ, बोलाइ र सिर्जनात्मक प्रकृतिका प्रश्नहरु रहेका छन् । माध्यमिक तहमा तहका दृष्टिले बोधात्मक, प्रयोगात्मक, सिर्जनात्मक, विश्लेषणात्मक प्रश्नहरु बढीहुनु उपयुक्त छ किनकि कविता विधाको अन्त्यमा भावबोध सम्वन्धी प्रश्नहरु राखिनु राम्रो पक्ष हो । प्रयोगात्मक पक्ष अन्तर्गत कविता लयबद्ध वाचन गर्ने, वाक्यमा प्रयोग गर्न लगउने, शुद्ध उच्चारण गर्न लागाउने, कविताको श्लोक सार्न लगाउने किसिमका प्रश्नहरु कक्षा दशका विद्यार्थीहरुका लागि पाठ अनुरूप उपयुक्त ढंगले यथेष्टमात्रामा राखिएको पाइन्छ । कविता शिक्षणको उद्देश्य भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गराउनु हो । अन्ततः विद्यार्थीमा सिर्जनात्मक क्षमताको विकास गराउने ध्येयले कुल प्रश्न संख्याको ६.७७ प्रतिशत प्रश्नहरु यस प्रकृतिका छन् ।

यसलाई अझै बढाएको भए राम्रो हुन्थ्यो । वस्तुगत प्रकृतिका प्रश्नहरु एकदम न्यून रहेको देखिन्छ । कविता विधा अन्तर्गत रहेका विविध प्रकृतिका प्रश्नभने न्यून रहेको देखिन्छ । कविता विधा अन्तर्गत रहेका विविध प्रकृतिका प्रश्नहरु तल प्रस्तुत गरिएको छन् :

**सुनाइ सिपसँग सम्बन्धित प्रश्न**

अ) सन्तुष्टि कविताको पहिलो र दोस्रो श्लोक सुन्नुहोस र कविको विचारसँग तपाइँको के के कुरामा सहमति छ भन्नु होस्। (ने.पृ.स.११) ।

आ) बर्षा कविता शिक्षकबाट सुन्नुहोस र त्यसैअनुसार सामुहिक रूपमा स स्वर वाचन गर्नुहोस् (ने.पृ.स.७३) ।

**बोलाइ सिपसँग सम्बन्धित प्रश्नहरु**

अ) तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस : (ने.पृ.स.१२) ।

मस्त, सीमा, लाञ्छना, सुगन्ध, दुर्गन्ध, जनार्दन, मोचन

**पढाइ सिपसँग सम्बन्धित प्रश्नहरु**

अ) गति, यति र लय मिलाइ वर्षा कविता वाचन गनुहोस् (ने.पृ.स.७५) ।

आ) सन्तुष्टि कविता पढी तल सोधिएका प्रश्नहरुको मौखिक उत्तर दिनुहोस् :

१) धनी हुनका लागि गरिने कुन काम कविलाई मन पर्दैन ?

२) कस्ता मानिसलाई चैन हुदैन ? (ने.पृ.स.१२)

**लेखाइ सिपसँग सम्बन्धित प्रश्नहरु**

अ) सप्रसङ्ग व्याख्या गर्नुहोस् :

क) लौ लौ गाओ दलदल वनै, वृक्ष हो उठ सारा

बर्षे घैँटा घटघट गरी स्वर्ग-पीयूष धारा (ने.पृ.स.७६) ।

ख) म सडक बोल्दैछु भन्ने कविताको मूल आसय के हो ?(ने.पृ.स.१३९)

**सिर्जनात्मक सिपसँग सम्बन्धित प्रश्नहरु**

अ) सामाजिक जीवनशैलीसँग राजनीति जोडिएको छ भन्ने विषयमा १५० शब्दमा आफ्नो धारणा लेख्नुहोस् (ने.पृ.स.१४१) ।

हरेक विद्यार्थीको स्तरलाई ख्याल गरी सबै प्रकारका प्रश्नहरु क्रमबद्ध रूपमा राखिने प्रयास गरिएको छ । कविता विधामा पर्ने सबै प्रकारका प्रश्नहरु छनौट गर्ने काम भएको छ । पाठ्यक्रमका उद्देश्यलाई समेत ध्यान दिइ प्रश्नहरु तय गर्ने प्रयास भएको देख्न सकिन्छ । सबै स्तरका तथा प्रकृतिका प्रश्नहरुको सन्तुलन मिलेको देख्न्न सकिन्छ ।

**जीवनी विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विशिष्ट व्यक्तिको जीवनीबाट विद्यार्थीलाई चारित्रिक सत्प्रवृतिको विकास गराउनु जीवनी विधा शिक्षणको उद्देश्य हो । कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा जीवनी विधा दुई ओटा रहेका छन् । कक्षा दशमा जीवनी विधा राखिनुको उद्देश्य बोध क्षमताको विकास गर्न शब्द भण्डार क्षमताको विकास गर्न हो । जीवनी विधा अन्तर्गत व्याकरण अभ्यास भन्दा भिन्न रहेका सुनाइ, बोलाइ, पढाइ, लेखाइ तथा सिर्जनात्मक किसिमका प्रश्नहरुको संख्यात्मक प्रतिशत निर्धारण गरी तिनलाई तालिकीकरणसमेत गरेर व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका नं.५ जीवनी विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण**

| क्र.स. | शीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सन्दुक रुइत | ४ | ४ | ५ | ६ | १ | २० |
| २ | क्लारा जेटकिन | ३ | ४ | ३ | ५ | २ | १७ |
| | जम्मा | ७ | ८ | ८ | ११ | ३ | ३७ |
| | प्रतिशत | १६.९१ | १८.९१ | १८.९१ | २९.७२ | ८.१० | |

स्रोतः कक्षा १०, नेपाली, २०७४

यस तालिकालाई हेर्दा कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकको जीवनी विधामा दुई ओटा जीवनी राखिएको छन् । उक्त जीवनीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी एक एक व्यक्तिको जीवनी रहेको देखिन्छ । व्याकरणको नमुना अभ्यास बाहेक जम्मा ३७ ओटा प्रश्नहरु निर्धारण गरिएको छ, जस अनुरूप कुल प्रश्न सङ्ख्या मध्ये जीवनी विधामा ११.४५ प्रतिशत प्रश्नहरु रहेका छन् ।

तुलनात्मक रूपमा लेखाइसँग सम्बन्धित प्रश्नहरु बढी देखिन्छन् । नमुना अभ्यासमा लेखाइसँग सम्बन्धित प्रश्नहरु बढी रहनु उपयुक्त हुन्छ, किनकि कक्षा दशका जीवनी

राखिनुको उद्देश्य कुनै पनि विशिष्ट व्यक्तिको जीवनीबाट बालबालिकामा सकरात्मक सोचको विकास गर्नु साथै भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्नु पनि हो ।

यस विधामा सुनाइ, पढाइ र सिर्जनात्मक प्रकृतिका प्रश्नहरु संख्यात्मक रूपमा बढि बाट कम संख्यातिर रहेको देखिन्छ । बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित प्रश्नमा नै वाक्यमा प्रयोग गर्नु, जीवनी पढेर सुनाउने, शुद्धसँग उच्चारण गर्ने, शुद्ध पारेर कापिमा सर्ने जस्ता विविधता मूलक प्रश्नहरु तय गरिएका छन् जुन राम्रो पक्ष हो । प्रश्नमा सन्तुलन अन्य विधाको तुलनामा धेरै मिलेको देख्न सकिन्छ । हरेक विधामा संख्यात्मक रूपमा उतिउति नै प्रश्नहरु राखिएको छ । जीवनी विधमा विविध प्रकृतिका प्रश्नहरुको नमुना तल प्रस्तुत गरिएको छ :

### सुनाइ सिपसँग सम्बन्धित प्रश्न

१) सन्दुक रुइत पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र खाली ठाँउ भर्नुहोस् :( ने.पृ.स.२१ )

क) रुइत …………का शुरुवात कर्ता पनि हुन् ।

ख) रुइतको जन्म ताप्लेजुङ जिल्लाको ………..गाउँमा भएको थियो ।

२) क्लारा जेटकिन पाठको छैठौं अनुच्छेद श्रुतिलेखन गर्नुहोस् (ने.पृ.स.१२१ ) ।

### बोलाइ सिपसँग सम्बन्धित प्रश्न

१) तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् ।

गुणस्तरीय, अत्याधुनिक, स्वतन्त्रता, सभ्यता, प्रेरक, वञ्चित, औपचारिक, अनौपचारिक, ग्रसित (ने.पृ.स. १२१ )

२) देशका दुर्गम गाँउमा विकासको मुहान फुटाउन कसले के गर्नु पर्छ ? आफ्नो विचार प्रकट गनुहोस् (ने.पृ.स. २३) ।

### पढाइ सिपसँग सम्बन्धित प्रश्न

१) सन्दुक रुइत भन्ने पाठको एघारौं अनुच्छेद मौन पठन गर्नुहोस् र चार ओटा मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् (ने.पृ.स.२३ ) ।

२) क्लारा जेटकिन पाठ पढेर त्यसमा प्रयोग भएका मितिहरु क्रमबद्ध रूपमा टिप्नुहोस् र

कुन कुन मितिमा के के भयो सूची बनाउनु होस्  (ने पृ.स. १२२) ।

### लेखाइ सिपसँग सम्बन्धित प्रश्न

१) तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्  :

क) क्लारा कसरी ओसिप सँग नजिक भइन् ?

ख) क्लाराको मृत्यु कहाँ र कहिले भयो ? (ने.पृ.स. १२३)

२) सन्दुक रुइत पाठको छैटौं अनुच्छेदबाट श र स को प्रयोग भएका शब्दहरु लेख्नुहोस् (ने.पृ. स.२४) ।

### सिर्जनात्मक प्रश्न :

क) हिमाल यात्रा गर्दाको काल्पनिक अनुभव गरी तिन अनुच्छेद लेख्नुहोस् (ने.पृ.स.१२४) ।

जीवनी विधाको सम्पूर्ण नमुना अभ्यासलाई हेर्दा लेखाइ सिपसँग सम्बन्धित प्रश्नहरु बढी राखिएको देखिन्छ । जुन राम्रो पक्ष हो,  किनभने बोध क्षमताको विकास गराउनु जीवनी विधाको मुख्य उद्देश्य हो । सोही कुरालाई ध्यान दिइ प्रश्नहरु निर्धारण गरिएको छ । सिर्जनात्मक प्रकृतिका प्रश्नहरु भने केही कम छन् । उक्त विधामा तय गरिएका अन्य प्रश्नहरु विद्यार्थी अनुकुल नै देखिन्छन् ।

### निबन्ध विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण

पठनबोध क्षमताको विकास गर्नु नै निबन्ध विधाको शिक्षा हो भनी पाठ्यक्रममा उल्लेख गरिएको छ । यसै अनुसार कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा जम्मा तीन ओटा निबन्ध राखिएका छन् । यस विधा अन्तर्गत व्याकरण अभ्यासभन्दा भिन्न रहेको सुनाइ, बोलाइ, पढाइ, लेखाइ र सिर्जनात्मक किसमका प्रश्नका आधारमा प्रश्नहरुको सङ्ख्यात्मक प्रतिशत निर्धारण गरी तिनलाई तालिकामा समेत प्रस्तुत गरेर व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं.६ निबन्ध विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण

| क.स. | शीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | थाङ्का | ३ | ४ | ५ | ७ | १ | २० |
| २ | हाम्रो संस्कृती | ५ | ५ | ३ | ८ | १ | २२ |
| ३ | जय भुँडी | ३ | ५ | ६ | ७ | ३ | २४ |
| | जम्मा | ११ | १४ | १४ | २२ | ५ | ६६ |
| | प्रतिशत | १८.४६ | २३.७२ | २३.७२ | ३७.२४ | ५.०८ | |

स्रोतः कक्षा १०, नेपाली, २०७४

प्रस्तुत तालिका अनुसार कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा जम्मा तीन ओटा निबन्ध विधा समेटिएको छ । उक्त विधामा व्याकरणका नमुना अभ्यास बाहेक कुल ६६ ओटा प्रश्नहरु निर्धारण गरेको देखिन्छ । जस अनुरूप कुल प्रश्न संख्यामा सबै भन्दा बढी अर्थात ३७.२४ प्रतिशत प्रश्नहरु लेखाइसँग सम्बन्धित छन् । त्यसै अनुरूप कुल प्रश्न संख्याको १८.४६ प्रतिशत प्रश्नहरु सुनाइसँग सम्बन्धीत, २३.७२ प्रतिशत प्रश्नहरु बोलाइ र लेखाइसँग सम्बन्धित रहेका छन् भने सिर्जनात्मक प्रश्नहरु ५.०८ प्रतिशत प्रश्नहरु रहेको देखिन्छ ।

समग्र प्रश्नको प्रकृतिलाई हेर्दा लेखाइसँग सम्बन्धित प्रश्न बढी रहेको देखिन्छ त्यसपछि क्रमशः सुनाइ, बोलाइ, पढाइ र सिर्जनात्मक प्रकृतिका प्रश्नहरु रहेका छन् । निबन्ध विधाको शिक्षणको उद्देश्य नै बोधात्मक क्षमताको विकास गराउनु रहेकोले बोधात्मक प्रश्न बढी राखिनु सान्दर्भिक देखिन्छ । उक्त बोधात्मक प्रश्नहरु पाठ्यक्रमका उद्देश्य पूर्तिमा सहायक छन् भने विद्यार्थीको स्तर अनुरूप सुहाउँदिला पनि दखिन्छन् । सुनाइसँग सम्बन्धित प्रश्नहरु सन्तुलित ढंगले तय गरिएका छन् भने बोलाइसँग सम्बन्धित प्रश्नमा विविधता पाइन्छ । वाक्यमा प्रयोग गर्ने, शुद्ध उच्चारण गर्ने, सार्न लगाउने जस्ता प्रश्नहरु कक्षा दशका विद्यार्थीका लागि रूचिपूर्ण तथा स्तर अनुकुल राख्ने प्रयास गरिएको छ । सिर्जनात्मक प्रश्न भने तुलनात्मक रूपमा कम संख्यामा रहेको देख्न सकिन्छ । आफ्ना अनुभवलाई सांगठनिक रूपमा प्रस्तुत गर्न सिर्जनात्मक प्रश्न धेरै राखिनु उपयुक्त हुन्छ । निबन्ध विधा अन्तर्गत रहेका विविध प्रकृतिका प्रश्नहरुको नमुना तल उल्लेख गरिएको छ :

## सुनाइ सिपसँग सम्बन्धित प्रश्न

क) हाम्रो संस्कृति निबन्धको पहिलो अनुच्छेद सुन्नुहोस् र संस्कृति भनेको के हो भन्नुहोस् (ने.पृ.स.८४) ।

ख) थाङ्का पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र ठीक बेठीक छुट्याउनु होस् ।

अ) नेपाल हिमाल, पहाड र तराइ मधेस मिलेर बनेको हो ।

आ) हिमालसँग जडिबुटी खनिज, फलफूल र स्वस्थ्य पर्यावरण छ ।

इ) तराइ मधेस अन्नको भण्डार हो (ने.पृ.स.३३ ) ।

## बोलाइ सिपसँग सम्बन्धित प्रश्न

क) तलका शब्दको अर्थ भन्नुहोस् ।

अथाह, पर्यावरण, पहिचान, वीरङ्गना, बौद्धमार्गी, जीवनचक्र, बुद्धदर्शन, (ने.पृ.स३३ )

ख) तलका उखान टुक्कालाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् (ने.पृ.स.१३० ) ।

हात्तीको मुखमा जिरा, हातमुख जोड्नु, गुनासो गर्नु, डाँडो काट्नु, दैलो कुर्नु,

## पढाइ सिपसँग सम्बन्धित प्रश्न

क) थाङ्का पाठको छैटौं, सातौं, आठौं अनुच्छेद पढी प्रत्येकबाट मुख्य मुख्य बुँदा टिप्नुहोस् (ने.पृ.स.३४) ।

ख) हाम्रो संस्कृति पाठ पढेपछि तपाईं लेखकका कुन कुन विचारमा सहमत वा असहमत के हुनुहुन्छ, आफ्नो धारण लेख्नुहोस् ( ने.पृ.स.८५ ) ।

## लेखाइ सिपसँग सम्बन्धित प्रश्न

क) व्याख्या गर्नुहोस् ।

भूँडि जीवनकी निर्मात्री विश्वकी अधिष्ठात्री हुन्, जसको पुजाआजा गर्नु प्रणीमात्राको मुख्य कर्तव्य हो (ने.पृ.स.१३२) ।

ख) थाङ्काको प्रवर्धन गर्न सक्दा नेपाललाई के कस्ता फाइदा हुन्छन् विवेचना गनुहोस् ( ने.पृ.स.३५) ।

## सिर्जनात्मक सिपसँग सम्बन्धित प्रश्न

क) तपाँइले मनाउने एउटा सांस्कृतिक पर्वको बारेमा २०० शब्द सम्मको निबन्ध लेख्नुहोस् (ने.पृ.स.८८) ।

ख) समाज सेवा शीर्षकमा कम्तिमा १० ओटा बुँदा तयार पार्नुहोस् र २५० शब्दको निबन्ध लेख्नुहोस् (ने.पृ.स.१३४) ।

यसरी निबन्ध विधाको नमुना अभ्यासलाई हेर्दा सुनाइ, बोलाइ, पढाइ, लेखाइ र सृजनात्मक प्रकृतिका प्रश्नहरुलाई समेटिएको पाइन्छ । निबन्ध विधामा पनि लेखाइ सिपसँग सम्बन्धिप्रश्नहरु ३७.२४ प्रतिशत प्रश्नहरु समेटेर लेखन कलाको विकासमा विशेष जोड दिइएको छ जुन सकरात्मक पक्ष हो ।

## रूपक विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण

मौखिक भाषाका विशेषताहरुमा अभ्यस्त गराइ हाउभाउ, चेष्टा, मुखमुद्रा अनुरूप उपयुक्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गराउनु नै रूपक विधा शिक्षणको उद्देश्य हो । कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा यस विधा अन्तर्गत जम्मा तीन ओटा पाठ रहेका छन् । जसमा मनोवाद, एकाङ्की र वादविवाद रहेका छन् । बोलाइ सिपको विकास गर्नका लागि रूपक विधा महत्त्वपूर्ण हुन्छ । यस विधा अन्तर्गत व्याकरणगत अभ्यास बाहेक सुनाइ, बोलाइ, पढाइ, लेखाइ र सिर्जनात्मक गरी भाषाका चारओटा सिपमा आधारित प्रकृतिका प्रश्नका आधारमा संख्यात्मक प्रतिशत निकाली तिनलाई तालिकामा समेत प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ७ रूपक विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण

| क्र.स | शीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | म पनि सक्छु | ३ | ४ | ३ | ४ | २ | १६ |
| २ | स्थानीयकरण भन्दा व्यापारीकरण वेस | ३ | ४ | ५ | १३ | ४ | २५ |
| ३ | टीका | ३ | ३ | ३ | ७ | १ | १७ |
| | जम्मा | ९ | ११ | ११ | २४ | ७ | ६२ |
| | प्रतिशत | १४.५१ | १७.७४ | १७.७४ | ३८.७० | ११.२९ | |

स्रोतः कक्षा १०, नेपाली, २०७४

रूपक विधामा समाविष्ट प्रश्नका अनुसार वर्तमान कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त रूपक शब्दात्मक विधाको व्याकरणत्मक प्रश्न भन्दा बाहेक लेखाइ सिपसँग सम्बन्धित प्रश्न बढी रहेको देखिन्छ । कुल ६२ ओटा प्रश्न रहेको यस विधामा लेखाइ सिपमा ३८.७० प्रतिशत प्रश्न रहेको पाइन्छ । त्यसपछि बालाइ र पढाइ सिपमा १७.७४ प्रतिशत र सुनाइ सिपमा १४.५१ र सिर्जनात्मक अभ्यासमा सबैभन्दा कम ११.२९ प्रतिशत रहेको देखिन्छ ।

समग्र प्रश्नहरुको संख्यात्मक प्रतिशतलाई हेर्दा बोधात्मक प्रकृतिका प्रश्नहरु तुलनात्मकरूपमा बढी देखिन्छन् । रूपक विधा पाठ्यपुस्तकमा राखिनुको उद्देश्य बोलाइ सिप अर्थात अभिव्यक्ति शील्पको विकास गराउनु हो । यसर्थ उक्त विधामा राखिने नमुना अभ्यासमा सिर्जनात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरु बढी राखेर अन्य प्रकृतिका प्रश्नहरु केही कम राखिएको भए उपयुक्त हुन्थ्यो । सिर्जनात्मक प्रकृतिका प्रश्नहरु निकै कम मात्रामा राखिएको देखिन्छ । यो दुर्बल पक्ष मान्न सकिन्छ । तथापि विधाका पाठ अनुरूप विद्यार्थीको स्तर ख्याल गरी सिर्जनात्मक अभ्यास अन्तर्गत “कुनै गरिब मानिसका दुःख देख्दा आफ्नो मनमा खेलेका विचार” (मनोवाद) “इन्टरनेट अभिशाफ होइन वरदान हो” शीर्षकमा वादविवाद जस्ता विषय प्रस्तुत गर्न लगाएको पाइयो । यो सबल पक्ष हो । यसरी बोलाइ सिपको विकास गर्ने प्रमुख ध्येयले प्रश्नहरु तयार गरेको देखिएता पनि भाषा सिकाइका चारै सिपलाई समेट्ने कोसिस गरेको देखिन्छ । यस विधा अन्तर्गत विविध प्रकृतिका प्रश्नलाई तल प्रस्तुत गरिएको छ ।

### सुनाइ सिपसँग सम्बन्धित प्रश्न

क) टीका एकाङ्की पाठको ४६औं अनुच्छेद श्रुति लेखन गर्नुहोस् (ने.पृ.स.१४७) ।

ख) म पनि सक्छु मनोवादको पहिलो अनुच्छेद सुन्नुहोस् र कुमार आज किन खुशी छन् लेख्नुहोस् (ने.पृ.स.४६) ।

### बोलाइ सिपसँग सम्बन्धित प्रश्न

क) विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा छ कसरी ? पाठको बारौं अनुच्छेदका आधारमा भन्नुहोस् (ने.पृ.स.९६) ।

ख) कमान सिंहले एकदिनमा कति रूपैया कमाउथ्यो ? अहिले भए उसले कति कमाउछ

भन्नुहोस् (ने.पृ स.१४६) ।

**पढाइ सिपसँग सम्बन्धित प्रश्न**

क) टीका एकाङ्की पढि तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् ।

अ) यो एकाङ्की कसले लेखेको हो ?

आ) यस एकाङ्कीमा कति जना पात्रहरु छन् ? (ने.पृ.स. १४७)

**ख)** तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस ।

स्वर्णपदक, प्रवृति, अपवाद, प्रचलन, विकटता, प्रतिकुला ( ने.पृ.स.४१)

**लेखाइ सिपसँग सम्बन्धित प्रश्न**

क) भाव विस्तार गर्नुहोस् ।

अ) स्थानीय उत्पादनहरु बढी लाभदायक, टिकाउ र अझ सङ्ग्रहणीय हुन्छन् ।

ख) संवाद तयार गर्नुहोस् ।

युवाहरु आफ्नै देशमा बसेर काम गर्नु पर्छ भन्ने विषयमा एउटा संवाद तयार गर्नुहोस् (ने.पृ स.१४७) ।

**सिर्जनात्मक सिपसँग सम्बन्धित प्रश्न**

क) वैदेशिक रोजगार भन्दा स्थानिय स्वरोजगार बेस शीर्षकमा वादविवाद लेख्नुहोस् ।

ख) कुनै प्रतियोगितामा पुरस्कृति हुँदाको अनुभुति समेटिएको मनोभाव लेख्नुहोस् ( ने.पृ.स.४३) ।

रूपक विधा भित्र मनोवाद, वाद विवाद र एकाङ्की समेटिएर त्यससँग सम्बन्धित सबै सिपहरुलाई समेट्ने गरी नमुना अभ्यासमा प्रश्नहरु राखिएको छ । रूपक विधामा अन्य विधामा भन्दा बढी ११.२९ प्रतिशत प्रश्नहरु राखिएकोले उपयुक्त रहेको मान्न सकिन्छ । रूपक विधा एक अभिनयात्मक विधा हो जसमा सिर्जनात्मक प्रकृतिका प्रश्नहरु राखिनुलाई उत्तम मान्न सकिन्छ ।

## चिठी निवेदन विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण

माध्यमिक तहमा चिठी तथा निवेदन विधा राखिनुको उद्देश्य चिठी तथा निवेदन लेखन क्षमताको विकास गराउनु हो । वर्तमान कक्षा दशको नेपाली पाठ्यपुस्तकमा चिठी विधाका पाठहरु मध्ये एउटा मात्रै राखिएको पाइन्छ  जुन व्यापारिक चिठी रहेको छ । कक्षा नौमा घरायसी र कार्यलयीय दुवै चिठी राखिएको भएता पनि कक्षा दशमा भने यस विधालाई समावेश गरिएको पाइदैन ।

यस विधा अन्तर्गत व्याकरण बाहेक सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषाका चारै सिपमा आधारित प्रश्न निर्माण गरिएको छ । उक्त प्रश्नहरुको संख्यात्मक प्रतिशत निर्धारण गरी तिनलाई तालिकीकरण समेत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ८ चिठी/ निवेदन विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको  विश्लेषण

| क्र.स. | शीर्षक | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | व्यापारिक चिठी | ३ | ६ | ३ | ४ | ६ | १९ |
| | प्रतिशत | १५.७८ | ३१.५७ | १५.७८ | २१.०५ | ३१.५७ | |

स्रोतः कक्षा १०, नेपाली, २०७४

माथि दिइएको तालिकालाई हेर्दा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा एउटा मात्रै चिठी राखिएको छ । व्याकरण बाहेक उक्त विधामा जम्मा १९ ओटा प्रश्न राखिएको छ । जस अनुसार कुल प्रश्न संख्याको ५.९२ प्रश्नहरु समावेश भएका छन् ।

यस विधामा सबै भन्दा बढी सिर्जनात्मक प्रश्न राखिएको छ । कुल प्रश्न संख्याको ३१.५७ प्रतिशत रहेको यस विधामा बोलाइसँग सम्बन्धित प्रश्न ३१.७८ प्रतिशत, सुनाइ र लेखाइमा २१.०५ प्रतिशत प्रश्न राखिएको छ । अन्य विधामा भन्दा यस विधामा फरक तरिकाले प्रश्नहर निर्माण गरिनु एक फरक शैलीको प्रयोग भएको छ । सिर्जनात्मक प्रश्नलाई बढी प्राथमिकता दिएर यस विधाले विद्यार्थी केन्द्रित शिक्षा विधिलाई प्रयोगमा ल्याएको छ । सिर्जनात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरु नमुना अभ्यासमा बढी राखिनु सान्दर्भिक र उपयुक्त देखिन्छ । व्यापारिक चिठी लेखन प्रोत्सहान गर्ने सन्दर्भमा यस्ता प्रश्नहरु उत्तम ठहर्छन् । कक्षा दशका विद्यार्थीका लागि स्तर सुहाउदो ढङ्गले विभिन्न खालका शुभकामना तयार पार्न लगाउनु यस प्रकृतिका प्रश्न राखिनु राम्रो पक्ष हो ।

## लेखाइ सिपसँग सम्बन्धित प्रश्न

१) व्यापारिक चिठी शिक्षकबाट सुन्नुहोस् र सोधिएका प्रश्नको उत्तर भन्नुहोस् (ने.पृ.स.४६)।

क) चिठी कसले कसलाई लेखेको हो ?

ख) व्यापारिक चिठी लेख्दा कसलाई सम्बोधन गरिएको छ ?

ग) बाँकी रकम भुक्तानी कहिले हुनेछ ?

घ) "पेस्की" र "भुक्तानी" शब्दको अर्थ के हो ?

## बोलाइ सिपसँग सम्बन्धित प्रश्न

क) पाठमा भनेअनुसार कितावहरु मध्ये कुनै एक कितावको बारेमा कक्षामा सुनाउनुहोस् (ने.पृ.स.४६)।

ख) तपाईंले अहिलेसम्म पढेका किताबहरु मध्ये कुन किताब किन राम्रो लाग्यो कक्षामा (सुनाउनुहोस् (ने.पृ.स.४६)।

## पढाइ सिपसँग सम्बन्धित प्रश्न

क) व्यापारिक चिठी पालैपालो सस्वर वाचन गरी कक्षामा सुनाउनु होस्।

ख) तल दिइएका शब्दहरु पढ्नुहोस् र अनुलेखद गर्नुहोस् (ने.पृ.स.४८)।

अमृतः  सुधा

आकाश : नभ, सगर, गगन, व्योम

अर्पण : ग्रहण

उत्थान : पतन

## लेखाइ सिपसँग सम्बन्धित प्रश्न

क) व्यापारिक चिठी पाठको प्रत्युत्तरमा लेख्ने चिठीको नमुना तयार पार्नुहोस्।

ख) शुद्ध गरी सार्नुहोस् (ने.पृ.स.५०)।

वाँकी रकम पुष्टकहरुका साथै विल प्रप्त हुनासाथ भूक्तानि गरीने अनुरोद गरिन्छ।

## सिर्जनात्मक सिपसँग सम्बन्धित प्रश्न

क) तपाईंले साथीको जन्मदिनमा आफ्ना साथीलाई दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् (ने.पृ.स.५२) ।

ख) तपाईंका दाजुदिदी वा छिमेकका कसैको विवाहका लागि निमन्त्रणा पत्र बनाई शिक्षकलाई देखाउनुहोस् (ने.पृ.स.५२) ।

चिठी निवेदन विधा अर्न्तगत एउटा व्यापारिक चिठी मात्रै समेटिए पनि यसमा राखिएका नमुना अभ्यासहरु उपयुक्त रहेका छन् । सिर्जनात्मक प्रश्नहरु अधिक मात्रामा समेटिनु राम्रो पक्ष हो । सिर्जनात्मक प्रश्नमा ३१.५७ प्रतिशत प्रश्नहरु समावेश गरिएको छ ।

## व्याकरण सम्बन्धिअभ्यासगत प्रश्नहरुको वितरण र विश्लेषण

हरेक भाषामा आफ्नै प्रकारको नियम तथा सिद्धान्त रहेको हुन्छ । व्याकरण भनेको भाषाको वर्ण, रूप, शब्द, वाक्य आदिमा अन्तर्निहित व्यावस्था हो (अधिकारी र भट्टराई २०६१: ९३१) । भाषाको लेख्य रूपमा शुद्धता ल्याउनको प्रयोगमा आउने रूपनै व्याकरण हो । परम्परगत मान्यता अनुसार शुद्ध लेख्न र बोल्न सिकाउने सिपलाई व्याकरण भनिन्छ । विशुद्ध भाषिक ज्ञान प्राप्त गर्न तथा भाषाको ध्वनि, वर्ण, अक्षर, शब्द, वाक्य, अनुच्छेद तथा संरचनाबारे मार्गनिर्देशन गर्ने काम व्याकरणले गर्दछ ।

कुनै पनि भाषाको आन्तरिक व्यवस्थाको विश्लेषणात्मक लिखित अभिव्यक्ति नै व्याकरण हो । वर्ण विन्यास, शब्द निर्माण र वाक्य तत्त्वका साथै शब्दवर्गमा पर्ने नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय अनि व्याकरणिक कोटीमा पर्ने लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष आदिको चिनारी भाषा विषयको अभ्यास खण्डमा प्रस्तुत गरिएको छ । कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकका अभ्यास खण्डमा कार्यमूलक व्याकरण भने व्याकरणका तत्त्वको पहिचान आगमनात्मक ढंगले गर्ने गरी अभ्यासात्मक प्रश्नहरु निर्धारण गरिएको छ । उक्त प्रश्नहरुको संख्यात्मक विवरण सहित तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. ९ व्याकरणका प्रश्नहरुको संख्यात्मक विवरण

माथिको तालिकामा उल्लिखित प्रश्नहरुको तल विश्लेषण गरिएको छ :

## धातु

धातु एक व्याकरणिक व्यवस्था हो । क्रियाको आधारमा धातु लघु रूप हो । कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा धातु सम्बन्धिविभिन्न प्रकारका प्रश्न राखिएका छन्। पहिलो र दोस्रो पाठ गरी जम्मा सात ओटा प्रश्न राखिएका छन् । धातु धातुका प्रकार, धातुबाट बनेका विभिन्न प्रकारका प्रश्न राखिएको छ, जसको उदाहरण यस प्रकार छन् :

१) गर्, हट्, साट् धातुबाट वाक्य बनाउनुहोस् ।

२) खा, गर, सुन, हेर, देख, जा, वस, कराउ, आउ, जस्ता धातु प्रयोग गरी कतै घुम्न जाँदाको वर्णन गनुहोस् ।

धातु सम्बन्धिसम्पूर्ण अभ्यासलाई हेर्दा धातुको सैद्धान्तिक परिभाषा सिकाउने उद्देश्यले नभई धातुका प्रकार, धातुलाई कसरी अन्य विधाबाट छुट्याउने वा प्रयोग गर्ने भन्ने उद्देश्यले धातु विधाको शिक्षण गरिन्छ ।

## निपात

भाषामा प्रयोग हुने प्रायः आफ्नो छुट्टै अर्थ नभएका तर वाक्यमा प्रयोग हुँा विशेष भाव प्रकट गर्ने एकाक्षरी वा दुई अक्षरी विशेषण शब्द वा पदलाई नै निपात भनिन्छ ( उपाध्याय र अन्य, २०६३) । माध्यमिक तहमा निपातको प्रयोग निपातको सैद्धान्तिक परिचय गराउन नभई निपातको प्रयोग सम्बन्धिजानकारी दिइएको छ । निपात सम्बन्धिप्रश्न यस प्रकार छन् :

१) तल दिइएका निपातको प्रयोग गरी कुनै घटनाको चर्चा गर्नुहोस् ।

पो, त, पनि, रे, र, कि, ल, लौ, क्यारे

जन्मभूमि पाठको व्याकरण खण्डमा निपात सम्बन्धि दुईओटा प्रश्न राखिएको छ । दिइएको अनुच्छेदबाट निपात शब्दहरु पहिचान गरी वाक्यमा प्रयोग गर्न र निपातहरुको प्रयोग गरी घटनाको चर्चा गर्ने प्रश्नअरु राखिएको छ । समग्रमा निपात सम्बन्धिप्रश्नहरु माध्यमिक तहका विद्यार्थीका लागि उपयुक्त तरिकाले राखिएतापनि, प्रयोगात्मक दृष्टिले प्रश्नहरु कमी रहेको देखिन्छ ।

## विस्मयादिबोधक

भाषिक सन्दर्भमा मानवीय संवेगसँग सम्बन्धित भाव बोध गराउन आउने विशिष्ट पदलाई नै विस्मयादिबोधक भनिन्छ । कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा

विस्मयादिबोधकको प्रयोग सम्बन्धिविद्यार्थीलाई जानकारी दिने उद्देश्यले पाठ एकमा जम्मा २ ओटा प्रश्न राखिएको छ । विस्मयादिबोधकको प्रयोग सम्बन्धिप्रश्न कक्षा दशका विद्यार्थीका लागि कमि देखिएको छ । विस्मयादिबोधक सम्बन्धिप्रश्न यस प्रकार छ :

१) तलका विस्मयादिबोधकको प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् ।

आत्था, स्यावास, अहो, रामराम, क्याबात, आम्मै, ज्या, कठै, धिक्कार

## लेख्य चिन्ह

भाषा लेख्दा आवश्यकता अनुसार प्रयोग गरी अभिव्यक्तिलाई स्पष्ट पार्ने चिन्हलाई लेख्य चिन्ह भनिन्छ । माध्यमिक तहका विद्यार्थीको लेखाइ सिप विकास गराउँदा भाषा लेख्दा हुने त्रुटिलाई निराकरण गर्न उद्देश्यले लेख्य चिन्हको प्रयोग शिक्षण गरिन्छ । लेख्य चिन्हलाई विभिन्न किसिमले शिक्षण गर्न सकिन्छ । यस वर्तमान नेपाली पाठ्यपुस्तमकमा पनि पाठ २ मा लेख्य चिन्ह सम्बन्धिएउटा प्रश्नलाई समावेश गरिएको छ । लेख्य चिन्ह सम्बन्धिप्रश्नहरु कम मात्रामा राखिनु यो दुर्बल पक्ष मान्न सकिन्छ । लेख्य चिन्हसँग सम्बन्धित प्रश्नः

क) तलको अनुच्छेदमा प्रयोग भएका लेख्य चिन्हहरु उत्तर पुस्तिकामा सार्नुहोस् ।

नेपालमा चाडपर्वहरु पनि कति हो कति ! नयाँ वर्ष देखि हेर्दै जाँदा बुद्ध जयन्ती, उभैली, साकेला, जनै पूर्णिमा, दशै, तिहार आदि जुनसुकै जातिका चाडपर्व हुन् । हामी सबै रमाउँछौ; आपसमा शुभकामना बाड्छौं । चाडपर्वहरुमा मात्र हो र ? काम, श्रममा पनि हामी उत्तिकै रमाउँछौ; खुशी हुन्छौं । लेकबेँसी गर्दा होस् घाँस दाउरा गर्दा होस् अथवा अरुको मेलापातमा होस् हामी उत्तिकै रमाउँछौ । ( ने.पृ.स.१४ )

लेख्य चिन्ह भाषाको एक प्रमुख अंग हो तथापी लेख्य चिन्ह सम्बधी प्रश्नहरु कमी राखिनुले व्याकरण पक्षमा ध्यान दिन नखोजेको जस्तो देखिन्छ । कक्षा दशको बर्तमान नेपाली पाठ्यपुस्तकमा केवल एउटैमात्र पाठमा लेख्य चिन्ह सम्बन्धिअभ्यास राखिएको छ । १६ वटा पाठ भएको पुस्तकमा केवल एउटै पाठमा लेख्य चिन्ह सम्बन्धिअभ्यास राखिएकाले विद्यार्थीका लागि प्रयाप्त अभ्यासको अवसर दिइएमो पाइदैन ।

## नामयोगी, क्रियायोगी र संयोजक

नामयोगी, क्रियायोगी र संयोजक अव्यय अन्तर्गत पर्दछन् । नेपाली भाषाको स्थिर प्रकृतिको शब्दलाई अव्यय भनिन्छ । नामयोगी, क्रियायोगी र संयोजकसँग सम्बन्धित प्रश्न पाठ तीनमा दिइएको छ । सन्दुक रुइत पाठको व्याकरण खण्डमा यी तीन ओटै पदलाई एकै ठाँउ समावेश गरिएको छ । एउटा अनुच्छेद दिएर रेखाङ्कित शब्दहरु क्रियायोगी, नामयोगी

र संयोजक पहिचान गरी अभ्यास पुस्तिकामा सार्न लगाइएको छ । माध्यमिक तहका विद्यार्थीका लागि यो राम्रो पक्ष मान्न सकिन्छ । प्रश्नहरु यस प्रकार छन् :

क) तल दिइएका शब्दहरु पढ्नुहोस् र क्रियायोगी, नामयोगी र संयोजक छुट्याएर अभ्यास पुस्तिकामा सार्नुहोस ।

वर, पर, तल, सित, सँग, पर्यन्त, र, अनि, अनुसार त्यसैले, माथि, ढकमक्क, चिटिक्क, चिटचिट, पढेर, पढ्न, हिजो, निम्ति, आज, भोलि, वा, अथवा, तर तापनि, भने, भन्ने, गुनगुन, सम्म, साथ, माथि, तिर, प्रति, कि, किनकि, भित्र, पहिले गरेकाले, चसचस्, चम्किएर

यस पाठ्यपुस्तकमा नामयोगी २ ओटा, क्रियायोगी ३ ओटा र संयोजक २ ओटा पाठको अभ्यासमा राखिएको छ । पाठ ३ मा तीनवटै प्रश्न दुई/दुई ओटाको दरले अभ्यास राखिएको छ भने क्रियायोगी थप एक पाठमा राखिएको छ । अभ्यासका दृष्टिले यो विद्यार्थीका लागि अत्यन्तै न्यून हो तथापी यसले विद्यार्थीमा अभ्यासको बाटो भने देखाएको छ ।

## नाम

कुनै व्यक्ति, जाति, द्रव्य, वस्तु, स्थान, प्राणी, वनस्पति, भावात्मक धारणा आदिलाई जनाउने शब्दलाई नाम भनिन्छ (उपाध्याय र अन्य २०६६ : ४८) । अभ्यासमा नाम पदको अवधारणाको विकास गर्न पाठ्यपुस्तकको चौथो पाठमा दिइएको छ ।

## सर्वनाम

नामवाचक शब्दको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनामको प्रयोग शब्दको सट्टामा मात्रै नभई अवस्थाअनुसार पदावली, वाक्यांश, उपवाक्य, वाक्य वा अनुच्छेदकै सट्टामा पनि हुन सक्छ ( उपाध्याय र अन्य २०६६ : ५०) । पाठ्यपुस्तकको चौथो पाठको अभ्यासमा सर्वनाम सम्बन्धिप्रश्न तय गरिएको छ । उक्त प्रश्नहरु पाठअनुरूप मिल्दोगरि छनौट गरिएको देखिन्छ । उक्त अभ्यास प्रयोगात्मक र धारणात्मक दुबै किसिमको देख्न सकिन्छ ।

## विशेषण

वाक्यमा प्रयोग भएको नामिक पदको विशेषता वा विशिष्टता प्रस्तुत गर्ने नामिक पदको गुण, तुलना, भेदक, मात्रा, सङ्ख्या आदि अरुभन्दा भिन्न पहिचान दिने पद विशेषनै

विशेषण हो । यसले सर्वनामको समेत विशेषता बुझाउँछ । विशेषण सम्बन्धिप्रश्नहरु चौथो पाठमा नै दिएको छ ।

नाम, सर्वनाम र विशेषणलाई चौथो पाठमा एकै ठाँउमा राखिएकाले यी तीनै ओटा पदहरुको प्रश्न एकमुष्ट यसरी पस्तुत गरिएको छ :

क) सन्दुक रुइत पाठको दोस्रो अनुच्छेदमा प्रयोग भएका नाम, सर्वनाम, विशेषण र क्रियापद टिपेर अलग अलग तालिकामा देखाउनु होस् ।

## मूल शब्द र व्युत्पन्न शब्द

रूप परिवर्तन नहुने शब्दलाई मूल शब्द भनिन्छ । मूल शब्दमा उपसर्ग, प्रत्यय, समास, द्वित्व जोडिएर बनिएका नयाँ शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । मूल शब्द र व्युत्पन्न शब्दको धारणा सिकाउने उद्देश्यले कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकको पाठ पाँचमा केही प्रश्नहरु दिइएको छ । मूलशब्द र व्युत्पन्न शब्दबाट वाक्य बनाउने, व्युत्पन्न शब्दहरुबाट मूल शब्द छुट्याउने र पाठको नवौं अनुच्छेदबाट मूलशब्द र व्युत्पन्न शब्द छानेर लेख्नु लगाएको छ । जस्तैः

क) तलका व्युत्पन्न शब्दहरुबाट मूल शब्द छुट्याउनु होस् ।

विनम्र, उपाध्यक्ष, विसन्चो, अनुभव, सहरिया, राष्ट्रिय, मायालु, बौद्धिक, बाुढ्याइँ, नेपाली, युरोपेली, ससाना, ऐँचोपैचो, मिठोमिठो

ख) “म पनि सक्छु” पाठको नवौं अनुच्छेदबाट पाँच ओटा व्यूपन्न शब्द छानी तिनका मूल शब्द लेख्नु होस् ।

यसरी मूल शब्द र व्युत्पन्न शब्दको माध्यमिक तहका विद्यार्थीमा धारणा विकास गराई भाषाका चारै सिपको विकास गराउने उद्देश्यले पाठ आठ र नैंमा पनि प्रश्नहरु समावेश गरेको पाइयो । माध्यमिक तहका विद्यार्थीका लागि शाब्दिक क्षमताको विकास गराउन व्याकरण खण्डमा यस सम्बन्धिजम्मा १३ प्रश्न राखिनु राम्रो पक्ष मान्न सकिन्छ ।

## काल र पक्ष

वाक्यमा प्रयोग भएको क्रियापदले बताउने समयलाई नै काल भनिन्छ । वाक्यमा प्रयोग भएको क्रियापदले बताउने समयका आधारमा कालको निर्धारण हुन्छ ( लम्साल र अन्य २०६२ : १४५ ) । यसरी काल भाषिक समय हो । क्रियापदबाट व्यक्त हुने वा बुझिने कालको आवन्तर भेदलाई नै पक्ष भनिन्छ । यो काल जस्तै क्रियापदबाट व्यक्त हुने व्याकरणिक कोटि हो ( लम्साल र अन्य, २०६२ : १४७ ) । काल र पक्ष एक अर्कासँग व्यक्त

भएर प्रस्तुत हुने भएकोले यहाँ शीर्षकमा राखिएको हो । कालका भूत, वर्तमान र भविष्य गरी तीन प्रकारका हुन्छन् भने पक्ष प्रत्येक कालका तीन तीन ओटा र भूतकालमा अरु दुई ओटा गरी जम्मा ११ ओटा हुन्छन् । उपयुक्त सबै पक्षको छनौट कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकको अभ्यासमा समावेश गरिएको छ ।

पाठ्यपुस्तकको छैठौं, सातौं, दशौं र तेह्रौ पाठमा गरी भूतकाल सम्बन्धि७, ५, १, १ गरी १४ ओटा प्रश्न समावेश गरिएको छ । भूतकाल र यसका पक्षसँग सम्बन्धित व्यापारिक चिठी राखिएको छ । जो अत्यन्त सान्दर्भिक छ । कथा विधामा पनि भूतकाल सम्बन्धिप्रश्न राखिनु अत्यन्त सान्दर्भिक हुन्छ । वादविवाद र जीवनी विधामा पनि भूतकाल सम्बन्धिएकएक ओटा प्रश्न राखिएका छन् ।

त्यसै गरी वर्तमान काल सम्बन्धिप्रश्न पाठ ५, ६, ७, १० र १२ मा क्रमशः ३, १, ५, १, १ गरी जम्मा ११ ओटा प्रश्न राखिएको पाइन्छ । प्रयोगात्मक प्रकृतिका प्रश्नहरु बढी भए पनि सरलबाट जटिल क्रमको सिद्धान्त अनुरूपनै प्रश्नहरुको निर्धारण गरिएको देखिन्छ । कालका तीनओटा पक्षलाई दिएका सबै पाठमा समावेश गरिएको छ ।

भाषिक टुक्रा वा वाक्यले व्यक्त गरेको समयगत सन्दर्भ वा समय सम्बन्धिजानकारी बितिसकेको होइन वर्तमान पनि होइन, भविष्यमा आउने / हुने भन्ने बोध गराउने समय विशेषलाई भविष्यत काल भनिन्छ । यसै गरी भविष्यत काल सम्बन्धिप्रश्न पनि पाठ ५, ७, १० र १२ मा गरी जम्मा दशओटा राखिएको पाइयो । सरलबाट जटिलको मान्यता अनुरूप नै प्रश्नहरु राखिएका छन् । आगमनात्मक विधिको प्रयोगगरी राखेको पाइन्छ । पाठ्यपुस्तकमा दिइएका काल र पक्ष सम्बन्धिप्रश्नका केही उदाहरणहरु निम्नानुसार रहेका छन् :

क) 'म पनि सक्छु ' पाठको छैठौं अनुच्छेदलाई भविष्यत कालमा बदलेर पुनर्लेखन गर्नुहोस् । (ने.पृ.स.४३) ।

ख) कोष्ठमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस (ने.पृ.स. ५१) ।

अ) म घुम्न................. । ( जाः पूर्ण भूत )

आ) आमाले हामीलाई ......... । ( बोलाउ सामान्य भूत )

इ) आकाशमा चराहरु .......... । ( उड अपूर्ण भूत )

ई) सलिना परीक्षामा प्रथम .......... । ( हु अज्ञात् भूत )

उ) आर्जन चकचक ............. । ( गर् अभ्यस्त भूत )

ग) तलको अनुच्छेदबाट वर्तमान र भविष्यत कालका वाक्यहरु पहिचान गरी अलग अलग तालिकामा देखाउनु होस् र तिनका पक्ष पनि छुट्यउनु होस् (ने.पृ.स.४३) ।

विगत एक दशकमा हामी धेरै अगाडि बढेका छौँ । एक दशक पछि अझ अगाडि पुगिसकेका हुने छौ । हाम्रो सोचाइ र व्यवहार दिन पर दिन उन्नत हुँदै छ । एक दशकपछि हामी संसारकै सभ्य नागरिक हुने छौँ । आज हामी गरिब छौं । भोलि धनी हुने छौं । आज हामी काममा भन्दा कुरामा अल्मलिदै छौं । भोलि हामी कुरामा होइन, काममा लाग्दै हुने छौँ।

## वाक्य

वक्ताले बोलेको बनोटको प्रक्रियालाई नै वाक्य भनिन्छ । वाक्य तीन प्रकारका हुन्छन् । सरल वाक्य, मिश्र वाक्य र संयुक्त वाक्य । कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा पाठ १० र १३ मा वाक्य सम्बन्धिप्रश्नहरु राखेका छन् । जसमा ८ ओटा प्रश्नहरु रहेका छन् । माध्यमिक तहका विद्यार्थीका लागि वाक्य र वाक्यका प्रकार सम्बन्धिधारणा बसाउनका लागि यी अभ्यास राखिनु उपयुक्त देखिन्छ ।

सरल, संयुक्त र मिश्र वाक्य सम्बन्धिकक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा दिएका प्रश्नहरु यस प्रकार छन् :

क) 'स्थानीकरण भन्दा विश्वव्यापीकरण बेस' भन्ने पाठको १२औं अनुच्छेदमा सरल, मिश्र र संयुक्त मध्ये कुन कुन वाक्यहरु कति कति छन् ? ( ने.पृ.स.१०० )

ख) सरल, संयुक्त र मिश्र तीन ओटा वाक्यको प्रयोग गरी छोटो दैनिकी लेख्नुहोस् (ने.प.स. १००) ।

ग) कोष्ठमा दिइएको संकेतको आधारमा वाक्यहरु परिवर्तन गर्नुहोस (ने.पृ.स.१३३) ।

अ) पानी परेर बाटो हिलो भयो । ( संयुक्त वाक्य )

आ) जब घाम लाग्यो तब न्यानो भयो । ( सरल वाक्य )

इ) परिश्रम गर्नाले मिठो फल पाउँछ । ( मिश्र वाक्य )

## पदसंगति

वाक्यमा प्रयुक्त शब्द शब्दका बीचको अन्वय (मेल) लाई पदसंगति भनिन्छ । अभिव्यक्ति र लेखापढीमा नियम अनुरूप पदहरुको रखाइलाई पदसंगती भन्दछन् (उपाध्याय र अन्य, २०६३ : १६६ )

कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तक र तीनको व्याकरणिक अभ्यास खण्डमा आठ ओटा प्रश्नहरु राखिएको पाइन्छ । यद्यपि विद्यार्थीहरुलाई असचेत रूपमानै

व्याकरणात्मक सचेतताको विकास गर्ने गरी संगति नमिलेको वाक्यलाई मिलाउने किसिमले अभ्यासको छनौट गरिएको पाइन्छ । यस सम्बन्धिकेही उदाहरणहरु तल प्रस्तुत गरिएको छन् :

१) कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गनुहोस् : (ने.पृ.स.१२३)

क) तिमी स्कुल जान्छौं । (उच्च आदरार्थी)

ख) तपाई घर जानुहोस् । (निम्न आदरार्थी)

ग) गेल्बु भोलि आउ । (अकरण)

घ) म कविता लेख्छु । (बहु वचन)

ङ) उनीहरु घर गए । (एक वचन)

च) उनीहरु दैलेखमा बस्छन् । (प्रथम पुरुष)

## वाक्य संश्लेषण र विश्लेषण

दुई वा दुईभन्दा बढी स्वतन्त्र वाक्यलाई जोडी एउटै वाक्य बनाउने प्रक्रियालाई वाक्य संश्लेषण भनिन्छ भने लामालामा र जटिल वाक्यहरुलाई टुक्र्याएर सरल वाक्यमा परिवर्तन गर्ने प्रक्रियालाई वाक्य विश्लेषण प्रक्रिया भनिन्छ ।

वाक्य संश्लेषणमा संयुक्त वाक्य, सरल वाक्य र मिश्र वाक्यहरुको संश्लेषण प्रक्रियाहरु पर्दछन् । वाक्य विश्लेषण प्रक्रियामा पनि यिनै माथिका वाक्यहरु पर्दछन् । वाक्य विश्लेषण गर्दा सरल, संयुक्त र मिश्र तीनै प्रकारका वाक्य विश्लेषण गर्न सकिन्छ । वाक्यमा आएका असमापिका क्रियालाई समापिका क्रियामा परिवर्तन गरी वाक्यलाई विश्लेषित रूपमा लैजान सकिन्छ ।

माध्यमिक तह कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा पाठ १४ मा यस सम्बन्धिप्रश्नहरु दिइएको छ । यो माध्यमिक तहका विद्यार्थीका लागि निक्कै कम तर स्तर उपयोगी देखिन्छ । प्रश्नहरु यस प्रकार छन् :

१) दिइएका वाक्यहरुको वाक्य संश्लेषण गर्नुहोस् : (ने.पृ.स.१४०)

क) पानी पार्‍यो । बाली सप्रियो ।

ख) म राम्ररी पढ्छु । सफल बन्छु ।

ग) तिमी आयौं । म गए ।

२) तलको अनुच्छेदलाई आठभन्दा बढी सरल वाक्यमा पुनर्लेखन गर्नुहोस् :(ने.पृ.स. १४०)

एकछिन पछि घाँसको भारी लिएर गौथली आइपुगी । पानेलाको चोलो र छिट्को फरिया लगाएकी फरियाका गुत्थ्यो खुम्च्याएर पटुका बाँधेकी, हातमा बाला, घाँटीमा प्वालो लगाएकी निधारमा सिन्दुरको ठूलो टीका लगाएकी, कपालमा गुराँसको फूल सिउरेकी, अलिअलि सावलो वर्णको गौथली निकै राम्री देखिन्थी । गौथलीको मनोहर रूप देखेर चामे तृप्त भयो ।

वाक्य संश्लेषण र विश्लेषण प्रकृयापनि भाषिक शुद्धताको लागि एक महत्त्वपूर्ण प्रकृया हो । यसलाई पनि भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा प्रयाप्तमात्रामा राखिनु पाठ्यपुस्तकको सबल पक्ष हो तथापी कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा केवल पाठ १४ मा मात्रै राखिएको छ ।

## कारक र विभक्ति

क्रियापदसँग मिलेर वाक्यमा निश्चित कार्य गर्ने नामिक पदलाई नै कारक भनिन्छ । भाषिक एकाइ वाक्यमा कारक पदको विशेष भूमिका वा कार्यबोध गराउन आउने व्याकरणिक रूपलाई विभक्ति भनिन्छ । वाक्यमा एउटा महत्त्वपूर्ण कार्य गर्ने वा भूमिका खेल्ने नामिक पद विशेषलाई कारक भनिन्छ, जसको सम्बन्ध क्रियापदसँग हुन्छ । नेपाली भाषाका विभक्ति चिन्हहरु प्रायः एक दुई अक्षरी हुन्छन् । नामिक पदका पछाडि लाग्ने व्याकरणिक रूप, चिन्ह, सर्ग, प्रत्यय, फुर्को वा संकेतलाई नै विभक्ति भनिन्छ । जसको आफ्नो छुट्टै अर्थ हुदैन र वाक्यमा पदहरु बीच अर्थ स्पष्ट पार्न भूमिका निर्धारण गर्न प्रयोग हुन्छ । माध्यमिक तहको कक्षा दशमा कारक र विभक्ति सम्बन्धिअभ्यास पाठ १५ मा राखिएको छ । पाठ १५ को अभ्यास खण्डमा ३ ओटा कारक र विभक्ति सम्बन्धिप्रश्न राखिएको पाइन्छ । विधाका पाठ अनुरूप साथै विद्यार्थीका स्तर अनुरूप उक्त प्रश्नहरु राख्ने प्रयास गरिएको छ । प्रयोगात्मक प्रकृतिका प्रश्नहरु बढी मात्रामा छन् । यस सम्बन्धिप्रश्नका केही नमुना यस प्रकार छन् ।

१) रेखाङ्कित शब्दहरुको कारक लेख्नुहोस् : (ने.पृ.स.१४८)

घनश्याम बिहान सबेरै उठ्छन् र श्रीमती रमिलालाई उठाउँछन् । चियापान पछि उनीहरु काममा खटिन्छन् । घनश्याम खुकुरीले घाँस झार्न थाल्छन् । रमिला घाँस बटुल्दै गाईवस्तुलाई हालिदिन्छिन् । दुवै जाना मिलेर खाना बनाउँछन् र छोराछोरीलाई खुवाउँछन्। त्यसपछि उनीहरु काममा खेततिर लाग्छन् ।

२) विभिन्न कारक र विभक्तिको प्रयोग गरी शैक्षिक भ्रमण जाँदाको वर्णन गर्नुहोस् र प्रयोग गरिएका कारक र विभक्तिलाई रेखाङ्कन गर्नुहोस् (ने.पृ.स.१४८) ।

कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा कारक र विभक्तिलाई केवल एउटैमात्र पाठको अभ्यासमा राखिएको छ । कारक र विभक्तिलाई पनि अन्य व्याकरण सरह समानुपातिक रूपमा राख्न सकेको खण्डमा यसले पाठ्यपुस्तकको सकरात्मक पक्षलाई देखाउन सक्ने थियो ।

## वर्ण विन्यास

वर्णको रखाइ क्रममा जे जस्ता नियमको प्रयोग हुन्छ त्यसलाई वर्णविन्यासको नियम भनिन्छ । मानव समाजमा प्रचलित भाषा उच्चारण मात्र नभएर लेख्यरूपमा पनि प्रयोग भएको छ । भाषा उच्चारण हुदाँ लिपिगत आकारमा आउँदा केही फरकपन आउँदछ । उच्चारण गर्दा प्रयोग गरिने भाषमा स्थानीयताको छनक पाइन्छ तर लेख्य भाषामा भने व्याकरणको वर्ण विन्यास सम्बन्धिनियमलाई आधार बनाइएको हुन्छ ।

माध्यमिक तहको वर्तमान नेपाली पाठ्यपुस्तकमा वर्ण विन्यास सम्बन्धिधारणा बसाउनका लागि पाठ ३, ४, ६, ९, ११, १३, १४, र १६ मा गरी जम्मा १६ ओटा प्रश्न राखिएको छन् ।

वर्ण विन्यासलाई व्याकरण विधामा मात्र नसमेटेर लेखाइ विधामा पनि राखेको पाइन्छ । वर्ण विन्यास व्याकरण विधाको एउटा पाटो भएकाले यसलाई एक ठाँउ समेटेको भए राम्रो हुने थियो । माध्यमिक तहका विद्यार्थीको लागि उनीहरुको स्तर, क्षमता अनुसार ह्रस्व, दीर्घ, हलन्त, अजन्त, पञ्चम वर्ण, स,श,ष, ब, व को प्रयोग, शुद्ध पार्ने खालका प्रश्न राखिनु सान्दर्भिक देखिन्छ ।

वर्ण विन्यास सम्बन्धिप्रश्न यस प्रकार रहेको देखिन्छ :

क) सन्दुक रुइत' पाठको छैठौँ अनुच्छेदबाट श र स को प्रयोग गएका शब्दहरु लेख्नुहोस् (ने.पृ.२४) ।

ख) व्यापारिक चिठी पाठबाट ह्रस्व इकार र दीर्घ ईकार लागेका पाँच पाँच ओटा शब्द लेख्नुहोस् (ने.पृ. ५०) ।

ग) 'स्थानीयकरण भन्दा विश्वव्यापीकरण बेस' भन्ने पाठबाट खुट्टो काटेका (हलन्त प्रयोग गएका) १० ओटा शब्दहरु खोजेर लेख्नुहोस् (ने.पृ.९८) ।

घ) तल दिइएका शब्दलाई पञ्चम वर्णको प्रयोग गरी लेख्नुहोस् :

प्रचंड, शंका, शंकर, चंचल, संजाल, संगत, अंचल, संबोधन, संभव, गंदर्भ, संस्था

## शब्दभण्डार

माध्यमिक तह कक्षा १० मा शब्दार्थ शिक्षण एक अपरिहार्य विधा मानिन्छ । हुन त तल्लो तहदेखि नै शब्द भण्डारको शिक्षण गरिदै आएता पनि यस तहका विद्यार्थीलाई शब्द भण्डार शिक्षण गराई विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान, अनुशासित र स्ववालम्वी सिर्जनशील भई समावशी समाज निर्माणमा योगदान दिन सक्ने सिपको विकास गराउनु जरुरी छ । यति मात्र नभई यसले भाषाका चारै सिपको विकास गर्नमा ठूलो सहयोग पुग्दछ ।

नेपाली भाषा शिक्षणका सन्दर्भमा शब्दार्थ शिक्षणको उद्देश्य शब्द भण्डार क्षमताको विकास गर्नु हो । जसका लागि नमुना अभ्यासमा राखिएका शब्द भण्डार सम्बन्धिप्रश्नहरुमा विविधता हुन जरुरी हुन्छ । वर्तमान कक्षा दशको नेपाली पाठ्यपुस्तकमा शब्दार्थ शिक्षणलाई विविधता मुलकमात्रै नभइ औचित्यपूर्ण तरिकाले राखिएको छ । हरेक पाठमा आएका अफठ्यारा शब्दहरुको अर्थ हरेका पेजमा राखेर विद्यार्थीलाई सहजता प्रदान गरिएको छ । त्यसै गरी शब्द अर्थ बताउने वा लेख्ने र वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरुले शब्द भण्डारको विकासमा उल्लेख्य योगदान दिएको छ ।

# अध्याय पाँच

## सारांश, निष्कर्ष, उपयोगिता र सुझाव

### सारांश

भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण प्राज्ञिक वा आन्तरिक पक्ष भनेकै नमुना अभ्यास हो । भाषा पाठ्यपुस्तक थप व्यवहारिक बन्नका लागि नमुना अभ्यास राम्रो मात्र होइन सान्दर्भिक पनि हुनु पर्दछ । भाषा पाठ्यपुस्तकलाई अझ गुणस्तरीय बनाउनका लागि नमुना अभ्यासका बारेमा अध्ययन र अनुसन्धान हुनु जरुरी हुन्छ । नमुना अभ्यासको अध्ययन गर्नुको मूल उद्देश्य पनि यही नै हो ।

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास मूलतः पाठका आधारमा तय गरिएको, शब्दभण्डार सम्बन्धी, सिर्जनात्मक साथै व्याकरणात्मक प्रकृतिका हुन्छन् । बोधात्मक सिर्जनात्मक प्रयोगात्मक किसिमका पाइन्छन् । त्यस्तै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपसँग सम्बन्धित प्रश्नहरु नेपाली पाठ्यपुस्तकका अभ्यासमा राखिएका हुन्छन् । शब्द भण्डारगत, उच्चारणगत, व्याकरणगत अभ्यासले गर्दा अन्य विषयको नमुना अभ्यास भन्दा भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास भिन्न प्रकृतिका हुन्छन् ।

नमुना अभ्यास पाठ्यपुस्तकको एक अभिन्न अंग भएर पनि यस बारेमा खासै अध्ययन अनुसन्धान भएको पाइँदैन । विषेशत भाषा विषयका नमुना अभ्यासको बारेमा सामान्य अनुसन्धान हुने गरे पनि विस्तृतमा अध्ययन हुन सकेको पाइदैन । यस अध्ययनमा नमुना अभ्यासको केही गहिराईमा पुगेर सर्वाङ्गीण पक्षबाट विश्लेषण गर्ने प्रयास गरिएको छ । कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तक पहिलो बर्ष प्रयोगमा आएको र यसको प्रयोगको अध्ययन पहिलो पटक हुदै गरे पनि यसका सम्पूर्ण पक्षलाई समेटेर अध्ययनबाट प्राप्त कुराहरुलाई सिलसिलेबार रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनमा कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तको नमुना अभ्यासको व्यापक विश्लेषण गरिएको छ । विशेषत पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको यस अध्ययनमा पाठ्यक्रम अनुरूप विद्यार्थीको रूचि, क्षमता, विधागत आधार साथै नमुना अभ्यासको सबल, दुर्बल पक्षको अध्ययन गरिएको छ । नमुना अभ्यासलाई मूलतः सुनाइ, बोलाइ, पढाइ, लेखाइ, व्याकरण र सृजनात्मक अभ्यास शीर्षकमा प्रस्तुत गरिएको छ । यस पाठ्यपुस्तकमा रहेका अभ्यासका प्रश्नहरुलाई विधाका पाठका आधारमा प्रस्तुत गर्ने प्रयास

गरिएको छ । विद्यार्थीको रूचि, क्षमता र स्तर अनुरूप अभ्यास तय गर्ने प्रयास गरिएको छ। अभ्यासमा विषयगत (निबन्धात्मक र संक्षिप्त उत्तरात्मक) र वस्तुगत प्रश्नहरु स्तर अनुरूप नै निर्धारण गर्न खोजिएको छ । भाषिक सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्ने प्रकारका अभ्यासमूलक प्रश्नहरु प्रयाप्त मात्रामा समावेश गरिएको पाइन्छ । विधाका पाठ अनुरूप नै व्याकरणका अभ्यास छनौट गरिनु सुन्दर पक्ष हो भने सिर्जनात्मक अभ्यासका लागि प्रश्नहरु अत्यन्तै कम समावेश गरिनुका साथै परियोजना कार्यको अभ्यास पनि सिर्जनात्मक रूपमा समावेश गरिएको पाइन्छ । व्याकरणका अभ्यासमा प्रयोगात्मक प्रकृतिका प्रश्नहरु अधिक रहेका छन् साथै धारणात्मक र पहिचानात्मक प्रकृतिका प्रश्नहरु भने आवश्यक मात्रामै राखिएको छ ।

व्याकरण अभ्यासका लागि धातुबाट शुरु गरी वर्ण विन्यासगत त्रुटि सच्याउनेमा अन्त्य गरिएको छ । व्याकरणलाई आगमनात्मक विधिको प्रयोग गरेर राखिएको छ, जुन व्याकरण शिक्षणका लागि उपयुक्त विधि मानिन्छ । व्याकरणात्क अभ्यासमा काल र यसका पक्षका बारेमा धेरै जसो पाठहरुमा सिकाउने प्रयास भएको पाइन्छ भने पर्यायवाची, विपरीतार्थक, अनेकार्थी शब्दहरुका बारेमा त्यति धेरै समावेश गरिएको पाइदैन । सबै प्रकारका व्याकरणिक अभ्यासहरु समान रूपमा समावेश गर्न सकेको खण्डमा नमुना अभ्यास अझ प्रभावकारी बन्न सक्छ । यति हुँदा हुँदै पनि कक्षा दशका लागि तयार पारिएको पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरु विद्यार्थीको भाषिक सिपको विकासमा सहायक सिद्ध हुने किसिमका उपयुक्त छन् ।

## निष्कर्ष

यो शोधपत्र आफैमा पूर्णता भने होइन तथापि यसलाई पूर्णता दिने क्रममा यसको विषयवस्तुमाथि अध्ययन हुँदा यसका केही प्राप्तिहरु रहेका छन् जसलाई निष्कर्षको रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ :

कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकको नमुना अभ्यास शिक्षक र विद्यार्थीका लागि मजबुत अभ्यास गराउने प्रकारको समेटिएको छ । विद्यार्थीको रूचि, क्षमता र स्तर अनुरूप नै नमुना अभ्यास राख्ने प्रयास गरिनु राम्रो पक्ष मान्न सकिन्छ । पाठ्यक्रमका उद्देश्यलाई ख्याल गरेर नै नमुना अभ्यास छनोट गर्ने प्रयास भएको पाइन्छ । विधाका पाठ अनुरूप अभ्यास छनोट गरिएको छ । नमुना अभ्यासको समावेश समानुपातिक वितरणमा आधारित नभए पनि भाषिक सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा जोड दिने

किसिमका अभ्यासात्मक प्रश्नहरु तय गरिएका छन् । पाठ्यपुस्तकका विधाहरुमा बोधात्मक, सिर्जनात्क, कण्ठस्थीकृत, प्रयोगात्मक तथा वस्तुगत प्रश्नहरु बीचमा तालमेल रहेको पाइन्छ भने सिर्जनात्क प्रकृतिका प्रश्नहरु अत्यन्तै न्यून रहेका छन् । वस्तुगत प्रश्नमा खालि ठाँउ भर्ने र जोडा मिलाउनेलाई धेरै जसो पाठको अभ्यासमा समेटिएको छ भने बहुवैकल्पिक प्रश्नलाई खासै महत्त्व दिइएको पाँइदैन । त्यसैगरी कतिपय पाठहरुमा वस्तुगत प्रश्न नै राखिएको छैन । यसले नमुना अभ्यासको वितरण समावेशी नभएको देखिन्छ ।

यस पाठ्यपुस्तकमा नमुना अभ्यासलाई मूलतः सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सिर्जनात्मक अभ्यास र कुनै कुनै पाठमा परियोजना कार्य शीर्षक दिई विविधता सिर्जना गर्ने प्रयास गरिएको देखिन्छ । भाषिक सिपहरुलाई क्रमिक रूपमा राखेपनि सुनाइकै प्रश्नमा श्रुति लेखन गराइएको छ भने लेखाइ सिपको लागि छुट्याइएको नमुना अभ्यासमा संक्षिप्त उत्तरात्मक, व्याख्या, सप्रसंग व्याख्या, विवेचनात्मक प्रश्नहरुलाई उल्लेख्य स्थान दिइएको पाइन्छ । विधाका पाठ अनुरूप नै शब्द भण्डारगत प्रश्नहरु तय गर्ने प्रयास गरिएको पाइन्छ। व्याकरणका प्रश्नहरु पाठ अनुरूप राख्ने प्रयासले गर्दा जतातता पर्न गएका छन् । धेरै जसो पाठमा काल र त्यसका पक्षहरुका बारेमा नमुना प्रश्नहरु रहन गएको पाइन्छ । व्याकरणको अभ्यासमा त्यसको शीर्षक नदिएकाले अभ्यासमा सबै पक्षलाई दत्तचित्त बनाउने प्रयास भएको पाइन्छ ।

## उपयोगिता

कुनै पनि कार्य विना उद्देश्य गरिदैन । त्यसको कुनै न कुनै प्रयोजन वा उपयोगिता हुन्छ । अनुसन्धानका उपयोगितालाई तिन तहबाट हेर्ने गरिन्छ । ती तिन तहमा : नीतिगत तह, प्रयोग तह र भावी अध्ययनको लागि रहन्छ । प्रस्तुत अध्ययन कक्षा दशको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको अध्ययन भएकाले यसको उपयोगितालाई उक्त तिन तहमा राखेर प्रस्तुत गरिएको छ ।

### नीतिगत तह

प्रस्तुत कक्षा दशको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको अध्ययनलाई नीतिगत तहमा समेत उपयोगमा ल्याउन सकिन्छ । नमुना अभ्यास भनेको नै पाठ्यपुस्तकको प्राज्ञिक पक्ष हो । यसले पाठ्यपुस्तकलाई व्यवहारिक र सान्दर्भिक बनाउनमा मद्दत गर्दछ । यस अध्ययनमा पाठ्यपुस्तकमा रहेको नमुना अभ्यास पाठ्यक्रम अनुरूप भए नभएको, विद्यार्थीको रूचि, क्षमता अनुरुप भए नभएको भन्ने कुराको निर्क्योल तथा विश्लेषण

गरिएको साथै सबल र दुर्बल पक्ष समेत केलाई सुझाव समेत प्रस्तुत गरिएको छ । यसरी पाठ्यपुस्तक तयार गर्ने क्रममा यहाँ प्रस्तुत गरिएका कुरालाई मनन गरी उपयोगमा ल्याउन सक्दछन् । नमुना अभ्यासको अध्ययनको क्षेत्रलाई फराकिलो बनाएको छ । यस अध्ययनले नमुना अभ्यासको स्तर समेत निर्धारण गर्न सहयोग पुऱ्याएको छ । अध्ययन गर्न बाँकी रहेका अन्य पाठ्यपुस्तकका नमुना अभ्यासको समेत अध्ययन गर्नको लागि आधार प्रदान गर्न यो अध्ययन सहयोगी सिद्ध बन्ने छ ।

## प्रयोगगत तह

कुनै पनि शोध पुरा गरीसकेपछि त्यसले कुन कुन क्षेत्रमा सहयोग गर्दछ वा त्यस शोधको कुन क्षेत्रमा प्रयोग गरिन्छ भन्ने कुरा नै सम्बन्धित शोधको प्रयोगगत तह हो । यहाँ प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगितालाई उल्लेख गरिएको छ :

क) पाठ्यक्रमको लक्षित उद्देश्य पूरा गर्न नमुना अभ्यास सफल छ या छैन पत्ता लगाउन मद्दत पुग्ने दखिन्छ ।

ख) प्रस्तुत अध्ययनले कक्षा दशको नेपाली पुस्तकमा प्राप्त नमुना अभ्यासको विश्लेषणबाट समस्या र कमी कमजोरी सुधारमा सजिलै हुन देखिन्छ ।

ग) भाषा शिक्षक, सुपरिवेक्षक, प्रश्नपत्र निर्माण कर्तालाई नमुना अभ्यासको सहज/असहज पक्ष केलाई रचनात्मक सुधार गर्न उपयोगी देखिन्छ ।

घ) भाषाका विधाका प्रकृति, व्याकरणात्मक कोटिको क्रमबद्धताको अभ्यासमा हुने महत्त्व पहिचान गर्ने सम्बन्धित पक्षलाई मद्दत पुग्ने देखिन्छ ।

ङ) विभिन्न कक्षाका नमुना अभ्यास सम्बन्धि अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि थप सहयोग मिल्छ ।

च) विधाहरुको तालमेल, व्याकरणको रखाइ, उदाहरण, प्रयोगात्मक अवधारणा उपयुक्त भए नभएको बारे अध्ययन गर्नेहरुका लागि यो अध्ययन सान्दर्भिक देखिन्छ ।

छ) पाठ्यपुस्तक निर्माण गर्ने, आवश्यक सुधार र परिमार्जन गर्न यो अध्ययन सहयोगी हुने विश्वास छ ।

ज) अन्ततः भाषा शिक्षण सम्बन्धिचासो लिने जो कसैलाई अध्ययन सान्दर्भिक भएको छ ।

## भावी अध्ययन

भावी अध्ययन भन्नले यस कक्षा दशको नेपाली पाठ्यपुस्तकको नमुना अभ्याससँग सम्बन्धित रहेर गरिने अन्य अध्ययन लाई बुझ्नुपर्छ । यस अध्ययनका क्रममा अध्ययनकर्ताले आफ्नो अध्ययनलाई पूर्णता दिनका लागि तथ्याङ्क संकलन गर्ने क्रममा यसै विषयसँग सम्बन्धित गर्न सकिने अध्ययनको सम्भाव्यतालाई यहाँ भावी अध्ययनको रूपमा प्रस्तुत गरिएको छ । जुन यस यस प्रकार छन् :

क) कक्षा दशको नेपाली पुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन,

ख) कक्षा दशको नेपाली पुस्तकमा प्रयुक्त व्याकरणिक अभ्यासको अध्ययन,

ग) पाठ्यक्रमको अनुरूपताको आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको अध्ययन,

घ) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त वाक्य संरचनाको अध्ययन,

ङ) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेको सिर्जनात्मक अभ्यासको अध्ययन,

च) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेको परियोजना कार्यको अध्ययन,

छ) भाषिक सिपको आधारमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको अध्ययन ।

## सुझाव

कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकमा रहेको नमुना अभ्यासको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरु दिन सकिन्छ :

क) पाठ्यक्रमले तोकेको शैक्षणिक उद्देश्य पूरा गर्ने गर्ने गरी अभ्यास राखिनु पर्ने देखिन्छ ।

ख) विद्यार्थीको स्तर, क्षमता, रुचि जस्ता पक्षलाई ध्यान दिइ प्रश्नहरु तय गरिनु पर्दछ ।

ग) अभ्यास सबै प्रकार र प्रकृतिका प्रश्नहरु स्पष्ट रूपमा तोकेर निश्चित सङ्ख्यामा राखिनु पर्दछ । यस पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबैलाई समेट्ने प्रयास भएपनि कतिपय अभ्यासमा सुनाइ, बोलाइ, पढाइलाई केवल औपचारिकताका लागि राखिएको छ ।

घ) नमुना अभ्यासमा सबै प्रकारको प्रश्नहरु समानुपातिक रूपमा राखिनु पर्ने । यस

पाठ्यपुस्तकमा समानुपातिक रूपमा राखेको पाइदैन ।

ङ) प्रश्नगत रूपमा तालमेल हुनुपर्छ जस्तै प्रश्नहरु पहिचानात्मक र प्रयोगात्मक दुवै रूपमा सान्दर्भिक हुनु पर्छ ।

च) सिर्जनात्मक प्रकृतिका प्रश्नहरु न्यून भएकाले त्यसमा आवश्यक सुधार गर्नु पर्ने ।

छ) भाषिक विकासका लागि भाषिक सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबैलाई समान रूपमा राखिनु पर्ने ।

ज) व्याकरण अभ्यासका प्रश्नहरु विधाको पाठ अनुरूप नै राख्ने प्रयास उपयुक्त भए पनि सबै प्रकारका व्याकरण अभ्यासलाई समेट्न नसकिएको पाइएकाले त्यस तर्फ विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

झ) व्याकरण अभ्यासमा शीर्षक नराखिनुले शिक्षकलाई सक्रिय गराउन खोजेको देखिए पनि विद्यार्थीमा अलमल ल्याएकोले शीर्षक राख्नुनै उपयुक्त देखिन्छ ।

ञ) विधाका पाठ अनुरूप व्याकरण अभ्यास राखिएकाले व्याकरणमा क्रमबद्धता छैन यसर्थ पाठको छनौट गर्दा नै व्याकरणिक क्रमबद्धतालाई ख्याल पुऱ्याउनु पर्ने देखिन्छ ।

ट) पाठ्यक्र, पाठ्यपुस्तकलाई समयानुकुल परिवर्तन गर्दै पाठ्यपुस्तक परिवर्तन गर्दा नमुना अभ्यासमा देखिएका कमी कमजोरी सच्याउदै विविधता मूलक अभ्यासहरु समावेश गरिनु पर्दछ ।

ठ) अभ्यास खण्डमा शिक्षकलाई समेत स्पष्ट निर्देशन दिनुपर्ने दखिन्छ ।

ड) हरेक विधाका पाठहरुमा अभ्यासहरु अभिनय विधि मार्फत गर्न सकिने गरी तयार गरिनु पर्ने । जस्तै जीवनी विधा अन्तरगत सन्दुक रुइतको जीवनीमा बोलाइ सिप अर्न्तगत राखिएको सन्दुकको पिता सोनाम र माता केसाङबिचको संवाद उपयुक्त रहेको छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङगराज र बद्रीविशाल भट्टराई(२०६१) *प्रयोगात्मक नेपाली शब्दकोष,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अधिकारी, हेमाङगराज (२०४९) *समसामयिक नेपाली व्याकरण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङगराज (२०६२) *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

अधिकारी, बिष्णुप्रसाद (२०६७), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली-द्वितीय पत्र,* बागबजार काठमाडौ : आशिष बुक्स हाउस प्रा.ली. ।

अधिकारी, हेमाङगराज (२०६७) *नेपाली भाषा शिक्षण (नवौं सं.),*काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङगराज (२०६९) *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र माधवप्रसाद शर्मा (२०६७), *प्रारम्भिक नेपाली शिक्षण* , काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, पार्वती (२०५९), *कक्षा नौ को नेपाली पाठ्य पुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* , (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ।

*आधारभूत शिक्षा पाठ्यक्रम* (२०६९), भक्तपुर : सानोठिमी, नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

उपाध्याय, माधवप्रसाद र अन्य (२०६६), *अनिवार्य नेपाली व्याकरण, बोध, अभिव्यक्ति र समीक्षा,* काठमाडौं : एशिया पब्लिकेसन्स् प्रा.लि. ।

उपाध्याय, यादवराज र अन्य (२०६३), *आजको माध्यमिक नेपाली व्याकरण, बोध, पोखरा :* ओजन बुक्स ।

कोइराला, यमुना *(२०६९), कक्षा पाँचको नेपाली भाष पाठ्य पुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ।

खनाल, पवित्रा (२०६३), *कक्षा छको हाम्रो नेपाली र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ॥

ढकाल, रामेश्वर (२०५८), *कक्षा छको नेपाली किताबमा प्रयुक्त व्याकरण नमुनाहरुको*

*विश्लेषणात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ।

ढकाल, शान्तिप्रसाद, (२०६७) , *नेपाली भाषा पाठ्यक्रम पाठ्य पुस्तक तथा शिक्षण पद्धति* , काठमाडौं : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६६/०६७), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६३), *सामान्य भाषा विज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन।

ढुङ्गाना, जमुना (२०७३), *कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ।

त्रिपाठी, सुधा, धनप्रसाद सुबेदी र रामप्रसाद ज्ञवाली (२०७४), *नेपाली* (कक्षा दश) भक्तपुर : पाठ्यक्र विकास केन्द्र, सानोठिमी

*नेपालमा आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना* **(२००२),** श्री ५ को सरकार, शिक्षा मन्त्रालय ।

न्यौपाने,टङ्कप्रसाद र अन्य, (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : सनालाइट पब्लिकेसन ।

पौडेल, (२०५४), *माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ।

बराल, चन्द्रराज (२०७२), *कक्षा छको वर्तमान नेपाली भाषा पाठ्य पुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* (अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय कीर्तिपुर त्रिभुवन विश्व विद्यालय ।

भण्डारी र अन्य, (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारशमणी, रामनाथ ओझा र वोधराज अर्याल, (२०६०),*भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल प्रकाशन ।


लम्साल, रामचन्द्र र अन्य, (२०६५), *सामान्य र प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण* काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनाराज (२०६१), *अनिवार्य नेपाली (कक्षा १२)* काठमाडौं : काठमाडौं बुक सेन्टर, भोटाहिटी ।

| पाठ | धातु | निपात | विस्मयादि बोधक | लेख्य चिन्ह | नामयोगी | क्रियायोगी | संयोजक | नाम | सर्वनाम | विशेषण | क्रिया पद | मूल शब्द र व्युत्पन्न | वर्तमान काल | भविष्यत काल | भूतकाल | वाच्य कर्म, कर्तृ र भाव | संगति | वाक्य सरल, संयुक्त मिश्र | वाक्य संश्लेषण र विश्लेषण | कारक र विभक्ति | वर्ण विन्यास |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ | २ | २ | | | | | | | | | | | | | | | | | | १ |
| २ | ४ | | | १ | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | २ | २ | २ | | | | | | | | | | | | | | २ |
| ४ | | | | | | | | ४ | ३ | ३ | ३ | | | | | | | | | | ३ |
| ५ | | | | | | | | | | | | | ३ | ३ | ३ | | | | | | |
| ६ | | | | | | | | | | | | | १ | | ७ | | | | | | २ |
| ७ | | | | | | | | | | | | | ५ | ५ | ५ | | | | | | |
| ८ | | | | | | १ | | | | | | ५ | | | | | | | | | |
| ९ | | | | | | | | | | | | ५ | | | | | | | | | ३ |
| १० | | | | | | | | | | | | | १ | १ | १ | | | ५ | | | |
| ११ | | | | | | | | | | | | | | | | | ५ | | | | १ |
| **१२** | | | | | | | | | | | | | **१** | **१** | **१** | | **३** | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | ३ | | | १ |
| १४ | | | | | | | | | | | | | | | | | | | ४ | | १ |
| १५ | | | | | | | | | | | | | | | | | | | | ३ | |
| १६ | | | | | | | | | | | | | | | | ४ | | | | | १ |
| जम्मा | ७ | २ | २ | १ | २ | ३ | २ | ४ | ३ | ३ | ३ | १३ | ११ | १० | १४ | ४ | ८ | ८ | ४ | ३ | १५ |

# परिशिष्ट एक
## अध्ययन गरिएको पाठ्यपुस्तकको परिचय



**परिशिष्ट दुई**

# वैयक्तिक विवरण



नाम : सुमित्रा पोखरेल

जन्ममिति : २०४०/११/१९

जन्मस्थान : मेची अञ्चल, झापा जिल्ला, खुदुनावारी -१ साल्बन्दि

हालको ठेगाना : चुलाचुली गाँउपालिका वडा नं. ३ इलाम, मेची

माता : पून्यमाता पोखरेल

पिता : रुक्मप्रसाद पोखरेल

सम्पर्क न. : ९८४२६७२०५१/९८४२७९०८४५

नागरिकता : नेपाली

धर्म : हिन्दु

मातृभाषा : नेपाली

वैवाहिक स्थिति : विवाहित

श्रीमान : रुद्रप्रभात

छोरा : शुप्रभात भण्डारी

शैक्षिक योग्यता :

| तह | संस्था | बोर्ड | साल |
|---|---|---|---|
| प्रवेशिका | आर्दश मा.वि. बुधबारे | एस.एल.सी बोर्ड नेपाल | २०५६ |
| कक्षा ११-१२ | शनिश्चरे उच्च मा.वि. शनिश्चरे | उच्च माध्यमिक शिक्षा परिषद | २०६३ |
| स्नातक | कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा | त्रिभुवन विश्व विद्यालय | २०६६ |
| स्नातकेत्तर | कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा | त्रिभुवन विश्व विद्यालय | |

रुचि : साहित्य सिर्जना र भ्रमण

लेखन विधा : कविता, गजल आदि

प्रकाशित कृति : कनकाई साहित्य सोपान भाग १ (संयुक्त)

संलग्नता : कनकाई साहित्य मञ्च (कसाम)- अध्यक्ष